## गर्मी मौसममा संक्रामक रोगबाट बचौं र बचाऔं

- गर्मी मौसममा मलेरिया, कालाजार, डेंगु, हैजा लगायतका विभिन्न संक्रामक रोगहरु फैलिन सक्दछन् ।
- संक्रामक रोग फैलाउने झिँगा, लामखुट्टे, भुसुना आदिको नियन्त्रण गरौं,
- संक्रामक रोगबाट बच्न शुद्ध र उमालेको पानी पिऔं,
- बासी तथा सडेगलेका खाना नखाऔं,
- घरभित्र र वरपरको सरसफाईमा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



# प्रभाव दैनिक
National Daily

वर्ष १० | अंक ३४८ | काठमाडौं | मंगलबार, ४ वैशाख २०८१ | Prabhab National Daily | Tuesday, April 16, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


# काठमाडौं अझै 'अस्वस्थ'



| काठमाडौंको वायु प्रदूषण | |
|---|---|
| चैत २७ | १७६ |
| चैत २८ | १६५ |
| चैत २९ | १६२ |
| चैत ३० | १६७ |
| वैशाख १ | १७२ |
| वैशाख २ | १६० |
| वैशाख ३ | १७० |

*पछिल्लो हप्ता दिनको वायु प्रदूषणको अवस्था (एक्युआई)मा ।*

*स्रोतः एयर क्वालिटी इन्डेक्स*

- काठमाडौं उपत्यका अहिले विश्वकै प्रदूषित सहरको रूपमा चर्चामा आएको छ । सोमबार साँझमात्र काठमाडौंको वायु १७० एक्युआई मापन गरिएको छ ।
- विश्व स्वास्थ्य संगठनले ०–५० सम्म राम्रो सुरक्षित, ५१–१०० सम्म ठीकै, १०१–१५० सम्म निश्चित समूहलाई संवेदनशील, १५१–२०० सम्म अस्वस्थ, २०१–३०० सम्म धेरै अस्वस्थ र ३०१ भन्दा माथिलाई धेरै खतरा मान्ने गरिन्छ ।
- एयर क्वालिटी इन्डेक्सका अनुसार भारतको नयाँ दिल्ली, बंगलादेशको ढाका काठमाडौंसँग वायु प्रदूषणको नम्बर एक बन्न उछिनपछिनमा देखिन्छ ।

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** पानी परेर हावाहुरी चल्दा पनि काठमाडौंको वायु अझै स्वस्थ हुन सकेको छैन । एयर क्वालिटी इन्डेक्सका आइतबार साँझ काठमाडौंको वायु प्रदूषण १७० एक्युआई मापन गरिएको छ ।

विश्व स्वास्थ्य संगठनका अनुसार यो सूचकांक १५० देखि २०० पुगेमा सबै समूहका लागि अस्वस्थकर मानिन्छ । २०० भन्दा बढी भएमा जनस्वास्थ्य संकटकालको अवस्था मानिन्छ । ०-५० सम्म राम्रो सुरक्षित, ५१-१०० सम्म ठीकै, १०१-१५० सम्म निश्चित समूहलाई संवेदनशील, १५१-२०० सम्म अस्वस्थ, २०१-३०० सम्म धेरै अस्वस्थ र ३०१ भन्दा माथिलाई धेरै खतरा मान्ने गरिन्छ ।

चैत २५ गते काठमाडौंको वायु प्रदूषण १९१ एक्युआई मापन गरिएको थियो । देशका विभिन्न स्थानमा लागिरहेको वन डढेलोका कारण वायुमण्डलमा धुलोको कण रहिरहेकाले वायु अस्वस्थ बनेको विज्ञहरू बताउँछन् । एयर क्वालिटी इन्डेक्सका अनुसार भारतको नयाँ दिल्ली, बंगलादेशको ढाका काठमाडौंसँग वायु प्रदूषणको नम्बर एक बन्न उछिनपछिनमा देखिन्छ ।

वन तथा वातावरण मन्त्रालयअन्तर्गतको वातावरण विभागले वायुको गुणस्तर जाँच्न देशभर २४ स्थानमा वायु गुणस्तर मापन केन्द्र स्थापना गरेको छ । काठमाडौं उपत्यकाका लागि विभागले रत्नपार्क, शंखपार्क, भैंसेपाटी, पुल्चोक र भक्तपुरमा गरी पाँच ठाउँमा केन्द्र स्थापना गरेको छ । विभागले यही डेटा उपलब्ध गराइरहेको छ । विभागको वेबसाइट पोलुसन डट जिओभी डट एनपीमा सोमबार साँझ भरतपुर सबैभन्दा अवस्स्थ सहरहेको रूपमा देखाइएको छ ।

(क्रमशः पृष्ठ २ मा)

# संकटतर्फ गठबन्धन



कसम किरिया खाएर हामी गठबन्धनमा सहभागी भएका होइनौं । हाम्रो अवमूल्यन भइरह्यो भने हामीले हाम्रो कार्यनीतिलाई परिवर्तन गर्न बाध्य हुन्छौं ।

■ **जगन्नाथ खतिवडा**
प्रवक्ता, एकीकृत समाजवादी



यो गठबन्धनका मुख्य शक्तिबाहेक अन्य साना शक्तिसँग मिलेर गठबन्धन गरेर अघि बढ्ने कुरामा कांग्रेस सकारात्मक छ । तर, त्यस्तो परिस्थिति अहिले बनिसकेको भने छैन ।

■ **प्रदीप पौडेल**
सांसद, नेपाली कांग्रेस

■ **जेबी योञ्जन**



**काठमाडौं-** प्रधानमन्त्री पुष्पकमल दाहाल नेतृत्वको संघीय सरकार संकटमा पर्ने देखिएको छ । सुदूरपश्चिम प्रदेशमा नेकपा एकीकृत समाजवादीले गरेको गठबन्धन परिवर्तनको 'साइड इफेक्ट' अन्ततः दाहाल प्रधानमन्त्री रहेको संघ सरकार देखिने भएको हो ।

नेकपा एकीकृत समाजवादी पार्टीका प्रवक्ता जगन्नाथ खतिवडाले यसको संकेत गरे । 'कसम किरिया खाएर हामी गठबन्धनमा सहभागी भएका होइनौं,' उनले प्रभावसँग भने, 'हाम्रो अवमूल्यन भइरह्यो भने हामीले हाम्रो कार्यनीतिलाई परिवर्तन गर्न बाध्य हुन्छौं । त्यो भनेको हामी जुनसुकै बेला अलग हुन सक्छौं ।'

अहिलेको संसद्को गणित यति अप्ठेरो छ कि जतिबेला जस्तो पनि नयाँ समीकरण बन्न वा भत्किन सक्छ । अहिलेको सत्ता गठबन्धनमा ३२ सिटको नेकपा माओवादी केन्द्र, ७८ सिटको नेकपा एमाले, २१ सिटको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), १२ सिटको जनता समाजवादी पार्टी (जसपा), १० सिटको नेकपा एकीकृत समाजवादी र चार सिटको नागरिक उन्मुक्ति पार्टी (नाउपा) छन् । सत्ता गठबन्धनसँग अहिले १५७ सांसद् छ । यसमध्येको एकीकृत समाजवादी बाहिरिँदा अहिलेको गठबन्धन १४७ सांसदमा सीमित हुन्छ । त्यसमा पनि नाउपा आन्तरिक विवादमा छ । नाउपा अध्यक्ष रञ्जिता श्रेष्ठ अहिलेको गठबन्धनमा छिन् भने संरक्षक रेशम चौधरी विपक्षमा छन् । यसरी हेर्दा नाउपाले पनि अनुकूलतामा यो गठबन्धन छोड्न सक्ने सम्भावना छ । यसपछि दाहाल सरकारको समर्थनमा १४३ सांसद मात्र बाँकी रहन्छ ।

एकीकृत समाजवादी सत्ता गठबन्धनबाट बाहिरिए त्यसको प्रभाव सुदूरपश्चिम, बागमती, लुम्बिनी र मधेस प्रदेशसम्म पर्ने छ । मधेस प्रदेशमा जसपा नेतृत्वको सरकार छ । एकीकृत समाजवादीले समर्थन नदिए जसपाको मधेस सरकार ढल्छ । त्यसकारण पनि जसपा अहिलेको सत्ता गठबन्धन छोडेर नयाँ विकल्पमा जानुपर्ने बाध्यतामा पर्ने छ । यस्तो अवस्थामा जसपाले साथ छोडे दाहाल सरकार अल्पमतमा पर्ने देखिन्छ । त्यससँगै प्रधानमन्त्री दाहालको पद संकटमा पर्ने छ ।

यसको पछिल्लो कारण भने एकीकृत समाजवादीले सुदूरपश्चिम प्रदेशमा मुख्यमन्त्री नपाउनु हो । उसले सुदूरपश्चिम प्रदेशमा मुख्यमन्त्रीमा दाबी गरेको थियो । प्रधानमन्त्री दाहाल र एमाले अध्यक्ष ओली भने नागरिक उन्मुक्तिका अध्यक्ष रञ्जिता श्रेष्ठ पक्षलाई मुख्यमन्त्री दिन तयार भए । यसपछि एसका अध्यक्ष माधवकुमार नेपाल असन्तुष्ट भए । उनकै 'ग्रिन सिग्नल'मा सुदूरपश्चिममा राजनीतिक घटनाक्रम अप्रत्यासित रूपमा भएको हो । अर्थात् कांग्रेस नेतृत्वको वैकल्पिक गठबन्धनमा एकीकृत समाजवादी उभिएको हो ।

उसो त गत २१ फागुनमा तत्कालीन सत्ता गठबन्धनबाट आफूलाई हटाएर सत्ता गठबन्धनमा नेकपा एमाले भित्र्याएपछि चिढिएको कांग्रेसले त्यसै दिनदेखि नै वैकल्पिक गठबन्धनको प्रयास गरिरहेको छ ।

(क्रमशः पृष्ठ २ मा)

## माधव नेपालले 'अराजनीति' गरे : ओली

**काठमाडौं (प्रस)-** नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली नेकपा एकीकृत समाजवादी पार्टीसँग रुष्ट बनेका छन् । आइतबार सुदूरपश्चिम प्रदेशको नेतृत्व दाबी गर्ने क्रममा एकीकृत समाजवादीले देखाएको व्यवहारप्रति सोमबार संसदीय दलको बैठकमा ओली रुष्ट सुनिएका हुन् ।

'अराजनीतिक प्रवृत्ति बहुतै हावी भएको छ । हिजोमात्रै एस भन्ने पार्टीले हामीसँग हुँदा पहिलो कार्यकाल नागरिक उन्मुक्तिलाई दिन नसक्ने । कांग्रेसलाई जिताउने हिसाबले जाने हो भने यो समीकरणलाई कमजोर बनाउने हो भने नागरिक उन्मुक्तिलाई पनि दिन सक्ने,' ओलीले भने ।

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भः वैदेशिक रोजगार**

# मन्त्रालयमै अड्कियो 'रोयल गार्ड'को प्रस्ताव

■ **प्रभाव संवाददाता**




**काठमाडौं–** आर्थिक रूपमा प्रभावशाली मानिएका मुलुक ब्रुनाइ र बहराइनले नेपालबाट 'रोयल गार्ड' लैजान गरेको प्रस्ताव श्रम, रोजगार तथा समाजिक सुरक्षा मन्त्रालयमै अड्किएको छ । ती मुलुकले राजपरिवार र उनीहरूका सदस्यको सुरक्षाका लागि नेपालबाट रोयल गार्डको रूपमा आवश्यक सुरक्षा जनशक्ति लैजान झण्डै छ महिनाअघि गरेको प्रस्तावबारे मन्त्रालयले कुनै प्रतिक्रिया जनाएको छैन ।

ब्रुनाई र बहराइनले नेपालबाट त्यहाँका राजपरिवार र राजपरिवारका सदस्यको सुरक्षाका लागि सरकार-सरकारबीच (जिटुजी) सम्झौता गरेर रोयल गार्ड लैजाने गरी प्रस्ताव गरेको मन्त्रालयका एक उच्च अधिकारीले बताए । उनका अनुसार ब्रुनाइका सरकारी अधिकारीहरूले रोयल गार्डका लागि आवश्य जनशक्ति उपलब्ध गराउने सम्बन्धमा श्रम मन्त्रालयसँग एक चरण वार्तासमेत गरिसकेका छन् । 'ब्रुनाइका अधिकारीहरूले रोयल गार्ड लैजान आवश्यक प्रोटोकल बनाएर अघि बढ्न तयार रहेको भन्दै तत्काल सम्झौता गर्नसमेत प्रस्ताव गरेका थिए,' ती अधिकारीले भने, 'तर, सत्ता समीकरणमा आएको फेरबदलका कारण कुनै प्रक्रिया अघि बढाइएको छैन, अहिले नयाँ मन्त्रीज्यूको प्राथमिकता अन्य विषयमा रहेकाले उक्त प्रस्ताव त्यत्तिकै थन्क्याइएको छ ।'

रोयल गार्ड लैजाने सम्बन्धमा बहराइन र ब्रुनाइले बढी नै चासो दिएको बताइएको छ । ब्रुनाइले नेपालबाट कामदार लैजाँदा लाग्ने सबै प्रकारका शुल्क व्यहोर्ने र छनोटको जिम्मा ब्रुनाइकै गोरखा रिजर्भ युनिट नामक संस्थालाई दिने प्रस्ताव गरेको छ । त्यस्तै छुट्टै प्रोटोकल निर्माण गरी रोयल गार्डमा जाने कामदारको सम्पूर्ण लागत खर्च व्यहोर्नेगरी लैजान तत्काललनि श्रममन्त्री शरतसिंह भण्डारीसँग बहराइनका अधिकारीहरूले औपचारिक प्रस्ताव नै राखेका थिए ।

उक्त संस्थाले रोयल गार्डमा जाने व्यक्ति योग्य हो वा होइन भनेर शारीरिकलगायत अवस्था जाँच गर्ने र योग्य छनोट गरेर लैजान गार्ड छनोटको काम ब्रुनाइकै गोरखा रिजर्भ युनिट नामक संस्थाले गर्ने प्रस्तावमा भनिएको छ । उक्त संस्थाले रोयल गार्डमा जाने व्यक्ति योग्य हो वा होइन भनेर शारीरिकलगायत अवस्था जाँच गर्ने र योग्य छनोट गरेर लैजाने प्रस्ताव गरेको हो । यसरी श्रमिक लैजाँदा लाग्ने सबै शुल्क ब्रुनाइले नै बेहोर्ने भनिएको छ ।

ब्रुनाइले रोयल गार्ड लैजान मन्त्रालयलाई तत्कालै प्रोटोकल बनाएर सम्झौता गरिहालौं भन्ने प्रस्ताव राखेको थियो । मन्त्रालयका उपसचिव डम्बर सुनुवारले तत्कालीन मन्त्री शरतसिंह भण्डारीकै पालामा ब्रुनाइले रोयल गार्ड लैजान प्रस्ताव गरेको बताए । 'हामी यति नै संख्यामा लैजान्छौं भनेर खुलाएको थिएन । पहिले प्रोटोकल बनाउने कुरा थियो । हामीले उनीहरूलाई सकारात्मक प्रतिक्रिया दिएका थियौं । अहिले म अर्कै महाशाखामा छु । प्रक्रिया कहाँ पुग्यो मलाई पछिल्लो जानकारीचाहिँ छैन,' उनले भने ।

सम्झौताका लागि परराष्ट्र मन्त्रालयसँग समन्वय गर्नुपर्ने हुन्छ । अनि मन्त्रिपरिषद्मा प्रस्ताव लैजानुपर्ने हुँदा केही समय लाग्ने प्रतिक्रिया मन्त्रालयका अधिकारीहरूले दिएर पठाएका थिए । यतिबेला श्रममन्त्री डोलप्रसाद अर्यालले यो प्रस्ताव अघि बढाएका छैनन् । मन्त्री अर्याल अरू काममै व्यस्त रहेका कारण यो काम अघि बढिनसकेको अधिकारीहरू बताउँछन् ।

बहराइनले पनि शून्य लागतमै रोयल गार्ड लैजान इच्छा देखाएको छ । तत्कालीन मन्त्री शरतसिंह भण्डारीसँग बहराइनका अधिकारीहरूले औपचारिक प्रस्ताव गरेका थिए । गत भदौ १२ गते तत्कालीन मन्त्री भण्डारीसँग भेटघाट गर्दै बहराइनका राष्ट्रिय सुरक्षा सल्लाहकार एवं रोयल गार्ड कमाण्डर शेख नासेर बिन हमाद अल खालिफाका दूत क्रिस्टोफर बरोज र मोहम्मद जुमाले प्रस्ताव गरेका थिए ।

(क्रमशः पृष्ठ २ मा)




## पृष्ठ १ बाट क्रमशः

### संकटतर्फ..

यसरी दाहाल सरकारको विकल्प खोजिरहेको कांग्रेससँगै मिलेर एकीकृत समाजवादीले सुदूरपश्चिममा केन्द्रीय गठबन्धनभन्दा विपरीतको गठबन्धन निर्माणमा सघाएपछि त्यसको तरंग काठमाडौंसम्मै आइपुगेको छ ।

अध्यक्ष नेपालले सुदूरपश्चिमजस्तै मधेस, लुम्बिनी र बागमतीमा पनि हुन सक्ने बताएका छन् । यहीबेला प्रवक्ता श्रेष्ठले दाहाल-ओलीले जस्तो कदम चाल्छन्, त्यस्तै जवाफ एकीकृत समाजवादीले दिने पनि बताए ।

'सुदूरपश्चिम प्रदेशको मुख्यमन्त्री हाम्रो पार्टीलाई दिने सहमति भएको थियो । आइतबार हठातमा दाहाल र ओलीजीले निर्णय परिवर्तन गर्नुभयो । नागरिक उन्मुक्ति पार्टीको पनि रञ्जिताजीको समूहलाई मुख्यमन्त्री दिने हुनुभयो । हाम्रो मुख्यमन्त्री पाउने अवसर खोस्नुभयो । हामीले पनि त्यसका विरुद्ध कार्यनीतिक चाल चालेका हौं ।'

यसरी गठबन्धनभन्दा फरक हिँडे पनि एकीकृत समाजवादीले गठबन्धनमा नरहने निर्णय भने गरिसकेको छैन । त्यसैले पनि सत्ता गठबन्धनमा अझै 'सेटलमेन्ट' हुन सक्ने अवस्था छ । तर, एकीकृत समाजवादीको सहयोग लिएर वैकल्पिक गठबन्धन निर्माणको अवसर खोजिरहेको कांग्रेस यो समयमा चुप बसेको छैन । कांग्रेस सरकारमा रहेका प्रमुख दलविनाको सरकार बनाउन प्रयत्नशील रहेको सांसद प्रदीप पौडेलले बताए ।

'यो गठबन्धनका मुख्य शक्तिबाहेक अन्य साना शक्तिसँग मिलेर गठबन्धन गरेर अघि बढ्ने कुरामा कांग्रेस सकारात्मक छ । तर, त्यस्तो परिस्थिति अहिले बनिसकेको भने छैन,' उनले भने ।

सत्ता गठबन्धनलाई माधव नेपालले सुदूरपश्चिमबाट दिएको सन्देश भनेकै नयाँ सहमति नगरे गठबन्धन टिकाइराख्ने मुडमा एकीकृत समाजवादी छैन भन्ने हो । त्यसो त नेपाल २१ फागुनमा नयाँ गठबन्धनमा जाने मनस्थितिमा थिएनन् । प्रधानमन्त्री दाहाल र एमाले अध्यक्ष केपी शर्मा ओलीले कोटेश्वर पुगेरै उनको सहयोग मागेका थिए । एमालेबाट फुटेकाले सोही पार्टीसँग गठजोड गर्दा नेता कार्यकर्ता जोगाउने चुनौतीले पनि नेता नेपाललाई पिरोलेको छ । यस्तोमा कांग्रेसले फचाँक्न सक्ने प्रधानमन्त्रीको नयाँ सत्ता कार्डमा उनी पर्न सक्छन् ।

विगतमा पनि उनले आफू अपमानित भएको महसुस गर्दा एमाले छाड्ने निर्णय गरेका थिए । अहिले पनि प्रधानमन्त्री दाहाल र एमाले अध्यक्ष ओलीले सहमति कुल्चेर पेलेको महसुस उनले गरेका छन् । गठबन्धनबाट लाभ लिन नसकिने, उल्टै पार्टीकै भविष्य अनिश्चित हुने स्थितिमा उनी वाम ध्रुवीकरणका नाममा धेरै दिन रहन सक्ने स्थिति छैन । नेपालले गठबन्धन छोड्ने निर्णय जसपाका उपेन्द्र यादवसम्म आइपुग्ने परिदृश्य बनेकाले दाहाल सरकारमाथि संकट सन्निकट रहेको चर्चा हुन थालेको छ ।

■■■

### माधव नेपालले...

'हिजोमात्र मुख्यमन्त्रीको दाबी गर्ने कुरा थियो । त्यसमा एस नामको पार्टीले अराजनीतिक काम गरिदियो,' उनले थप भने एकीकृत समाजवादीले सुदूरपश्चिममा संघीय गठनबन्धनविपरीत कांग्रेससँग मोर्चा कसेर लक्ष्मणकिशोर चौधरीलाई मुख्यमन्त्री बनाउन प्रस्ताव गरेको थियो । यता माओवादी केन्द्र र एमालेले भने नागरिक उन्मुक्तिकै कैलाश चौधरीलाई मुख्यमन्त्री बनाउन हस्ताक्षर बुझाएका छन् ।

यही विषयमा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालमाथि ओली खनिएका हुन् । 'जुन सही दिशामा राजनीति फर्किँदै थियो । त्यसमा आन्तरिक रूपमा विपक्षीहरूमा आशा पलाउने गरी जनतामा आशंका, निराशा पैदा हुने गरी कदम चाल्यो । आन्तरिक रूपमा त्यसका बोली व्यवहार र बार्गेनिङ त्यस्तो छँदै थियो,' ओलीले भने, 'हिजो बाहिर नै प्रकट भयो । यस समीकरणबाट नागरिक उन्मुक्तिलाई समर्थन नगर्ने । कांग्रेस केन्द्रित समीकरणबाट नागरिक उन्मुक्तिलाई समर्थन गर्ने । एस पार्टीको दक्षिणपन्थी चरित्र नांगो ढंगले प्रकट भयो । कम्युनिस्ट साइनबोर्ड राख्ने, अगाडि नेकपा राख्ने, कामचाहि दक्षिणपन्थीको पक्षमा गर्ने !'

■■■

### काठमाडौं अझै...

भरतपुरमा सोमबार साँझ १९३ एक्युआई वायु प्रदूषण पुग्दा रत्नपार्क १७२, खुमलटार १७१ पुगेको थियो ।

विपद् व्यवस्थापनविद् डा. धर्मराज उप्रेतीले वायु प्रदूषण नियन्त्रणसम्बन्धी सरकारी नीति राम्रो भए पनि प्रभावकारी कार्यान्वयन हुन नसक्दा काठमाडौं वायु प्रदूषणको हिसाबले प्रदूषित सहरका रूपमा अग्रस्थानमा रहेको बताउँछन् । 'काठमाडौंमा बढेको प्रदूषणका कारण जनस्वास्थ्यमा असर गर्न सक्छ । प्रदूषणका कारण विभिन्न रोग लाग्न सक्ने भएकाले नियन्त्रणका लागि पहल गर्नुपर्छ,' उप्रेतीले भने, 'प्रदूषण नियन्त्रणसम्बन्धी नीतिको प्रभावकारी कार्यान्वयन गर्न र प्रदूषकलाई कारबाही प्रक्रिया अगाडि बढाउन सक्नुपर्छ र स्थानीय तहलाई पनि सचेत र सबल बनाउन जरुरी छ ।'

काठमाडौं उपत्यकाका लागि वायु गुणस्तर व्यवस्थापन कार्ययोजना, २०७६ मा नेपाल सरकारले निर्धारण गरेको एक्युआईको मान ३०० भन्दा बढी भएको अवस्थालाई विपद्का रूपमा लिने बताएको छ । यो विपद् रोक्नका लागि कार्ययोजनामा फोहोर बाल्ने कार्य रोक्ने, सडक सफा गर्न ब्रुमर तथा भ्याकुमको प्रयोग व्यापक गर्ने, बालबालिका, ज्येष्ठ नागरिक, बिरामीलाई विशेष सावधानी अपनाउन सार्वजनिक सूचना जारी गर्न कार्ययोजनामा उल्लेख छ ।

राष्ट्रिय वातावरण नीति, २०७६ अनुसार प्रदूषण न्यूनीकरण गर्नका लागि जल, वायु, माटो, ध्वनि, विद्युत्-चुम्बकीय तरंग, रेडियोधर्मी विकीरण, जोखिमपूर्ण रासायनिक प्रदूषण रोकथामसम्बन्धी राष्ट्रिय मापदण्ड तयार गरी कार्यान्वयन गरिने सरकारी रणनीतिमा उल्लेख छ । प्रमुख सहरहरू, औद्योगिक प्रतिष्ठानलगायत प्रदूषणको जोखिममा रहेका क्षेत्रमा गुणस्तर मापन केन्द्र स्थापना र सञ्चालन गर्दै वायु, जल, ध्वनि गुणस्तरको नक्सांकन गरिने उल्लेख छ ।

औद्योगिक तथा अन्य क्षेत्रबाट निष्कासन हुने प्रदूषित पानीको प्रशोधनको व्यवस्था गरिने तथा उद्योग र अन्य व्यवसायबाट निष्कासन हुने प्रदूषणयुक्त धुवाँ, धुलो, पानीलाई व्यवस्थित गर्न वातावरणमैत्री प्रविधि कार्यान्वयनमा ल्याइने नीतिमा उल्लेख छ । घरभित्रको वायु प्रदूषणलाई न्यूनीकरण गर्नका लागि सौर्य चुल्हो, विद्युतीय चुल्हो, बायोग्यास, सुधारिएको चुल्हो, चिम्नीजस्ता उपकरणको प्रवर्द्धन गरिने र ऊर्जा किफायती भवन निर्माणमा जोड दिने नीति छ ।

वातावरण अभियन्ता वर्षा पराजुलीले भएका नीति कार्यान्वयन प्रभावकारी नभए भावी पुस्ताले अझै प्रदूषित वातावरणमा बाँच्नुपर्ने भन्दै सतर्कता अपनाउन र नीतिको प्रभावकारी कार्यान्वयनमा जोड दिएकी छन् । संविधानले स्वच्छ वातावरणमा बाँच्न पाउनु नागरिकको मौलिक हकका रूपमा व्यवस्था गरेको छ । काठमाडौं उपत्यकाको वायु साँच्चिकै हानिकारक र यसको गुणस्तर खस्किने क्रम तीव्ररूपमा निरन्तर बढिरहेकोसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अध्ययन प्रतिवेदन आइरहेका छन् ।

सार्वजनिक 'इन्भाएरोमेन्ट परफर्मेन्स इन्डेक्स' २०१८ को १८० मुलुकमा गरिएको अध्ययनमा वायु प्रदूषण बढी भएका पाँच राष्ट्रको सूचीमा नेपाल परेको छ ।

■■■

### मन्त्रालयमै अड्कियो...

उनीहरूले रोयल गार्डका लागि छुट्टै प्रोटोकल बनाउन प्रस्ताव गरेका थिए ।

पहिले पनि नेपालबाट बहराइन रोयल गार्डमा बेलायती सेना, नेपाली सेनालगायत सुरक्षा सेवाबाट अवकाशप्राप्त नेपाली प्रहरी तथा सेनाहरू गइरहेका छन् । बहराइनले नयाँ युवारूलाई तालिम दिएर रोयल गार्ड लैजान खोजेको हो ।

त्यसमाथि अहिले गइरहेकाहरूसँग म्यानपावर कम्पनी तथा बिचौलियाहरूले मोटो रकम असुलिरहेको पाइएको छ । नेपालीले लाखौं खर्च गर्नुपर्ने अवस्थाबारे बहराइनी अधिकारीहरूले पनि गम्भीर चासो लिएर सरकारी संयन्त्रमार्फत निःशुल्क लैजाने प्रस्ताव गरेका हुन् ।

'राम्रो कमाइ र सेवासुविधाको प्रलोभनमा उनीहरूले ठूलो धनराशी खर्च गर्नु परिरहेको छ । सम्झौता गरेर जाँदा कुनै पनि शुल्क तिर्नु नपर्ने प्रस्ताव बहराइनको छ । यो नेपालीहरूका लागि निकै राम्रो अवसर हुन सक्छ,' मन्त्रालयका एक अधिकारीले भने । ब्रुनाइ र बहराइनले लगेका रोयल गार्डको सेवासुविधा र पारिश्रमिक के कति हुन्छ भन्ने खुलाइएको छैन । उनीहरूले कति संख्यामा नेपाली लैजाने भन्नेबारे पनि खुलाएका छैनन् । तर नेपालीलाई विश्वास गरेर संवेदनशील क्षेत्रमा अवसर दिने प्रस्ताव आउनु निकै सकारात्मक भएको अधिकारीहरू बताउँछन् ।

बहराइन र नेपालबीच यसअघि नै अन्य विभिन्न क्षेत्रमा श्रमिक लैजाने गरी सम्झौता भएको छ । सन् २००८ मा त्यहाँका विभिन्न क्षेत्रमा श्रमिक लैजाने गरी सम्झौता भएको थियो । अहिले नेपालीहरू बहराइनका विभिन्न क्षेत्रमा गइरहेका छन् । राजदरबारका बगैंचामा माली, चालक, सुरक्षा गार्डलगायतमा पनि काम गरिरहेका छन् ।

ब्रुनाइसँग यसअघि कुनै किसिमको श्रम सम्झौता गरिएको नभए पनि यो मुलुकमा सिंगापुर, हङकङलगायत मुलुकमा सुरक्षा सेवामा खटेर अवकाश प्राप्त प्रहरी तथा सेनाहरू रोयल गार्डमा गइरहेका छन् । त्यस्तै त्यहाँका अन्य विभिन्न क्षेत्रमा पनि अवसरको खोजीमा नेपाली युवाहरू पुगिरहेका छन् । वैदेशिक रोजगार विभागका अनुसार गत आर्थिक वर्ष २०७९/८० मा एक हजार ३५५ जना कामदार श्रम स्वीकृति लिएर ब्रुनाइ गएका छन् । उक्त वर्ष बहराइनका लागि सात हजार ६९० जनाले श्रम स्वीकृति लिएको वैदेशिक रोजगार विभागको तथ्यांक छ ।

# सैनिक प्रवक्तामा सहायकरथी केसी



**काठमाडौं (प्रस)–** सैनिक जनसम्पर्क तथा सूचना निर्देशक एवं नेपाली सेनाको प्रवक्ताको जिम्मेवारी सहायकरथी गौरवकुमार केसीले सम्हालेका छन् । यसअघिका प्रवक्ता एवं सहायकरथी कृष्णप्रसाद भण्डारीले सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयमा सोमबार आयोजित कार्यक्रममा सहायकरथी केसीलाई औपचारिकरूपमा प्रवक्ताको कार्यभार हस्तान्तरण गरेका हुन् ।

त्यसअवसरमा सहायकरथी भण्डारीले प्रवक्ताको जिम्मेवारीमा रहने क्रममा आमसञ्चार जगतका सबै सञ्चारगृह, प्रकाशक, सम्पादक र विशेषगरी रक्षासग सम्बन्धित विटमा कार्यरत पत्रकारबाट भएको सद्भाव, सुभेच्छा र सहयोगका लागि आभार व्यक्त गरे ।

सोमबार प्रवक्ताको जिम्मेवारी पाएका केसीले नेपाली सेना र आमसञ्चार जगतबीचको सम्बन्ध र सहयोग आगामी दिनमा थप प्रगाढ र सुमधुर रहने विश्वास व्यक्त गरे । प्रवक्ता केसी यसअघि पोखरास्थित ३ नम्बर बाहिनी अड्डा प्रमुख थिए । सहायकरथी भण्डारीको सैनिक अभिलेखालयमा सरुवा भएको छ ।


## गौशाला नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
**गौशाला, महोत्तरी**
**मधेश प्रदेश, नेपाल**

### ठेक्का सम्झौता तोडी कालोसूचीमा राख्ने सम्बन्धी सूचना

(प्रकाशित मितिः २०८१/०१/०४)

कार्य सम्पन्न गर्नको लागि **स्काई लाइन कन्स्ट्रक्सन प्रा.लि., जनकपुर-२, धनुषा (ठेक्का नं. GAU/NCB/4-2078/079)** को नाममा मिति २०८०/०९/२५ गते कार्य सम्पन्न गर्नेसम्बन्धी १५ दिने सूचना जारी गर्दा पनि हालसम्म कार्य सम्पन्न गर्नेतर्फ कुनै किसिमको चासो नदेखाइएकोले ठेक्का सम्झौता तोडी कालोसूचीमा राख्ने सम्बन्धी यो ७ दिने सूचना प्रकाशित गरिएको छ । मिति २०८१/०१/१२ गते जिल्ला प्रशासन कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालय र निर्माण व्यवसायीको आधिकारिक प्रतिनिधिको रोहवरमा अध्यावधिक भएको काम र बाँकी कामको मूल्याङ्कन गरिनेछ । मूल्याङ्कन कार्यमा निर्माण व्यवसायीको प्रतिनिधि उपस्थिति नभए पनि नाँपजाँच काममा बाधा पर्ने छैन । सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ र ठेक्का सम्झौतामा प्रावधान भए बमोजिम ठेक्का सम्झौता तोडी कालोसूचीमा राख्ने तथा बाकी काम गर्न लाग्ने खर्च र निर्माणस्थल सुरक्षामा लाग्ने खर्च समेत सरकारी बाँकी मानी असुलउपर गर्नेतर्फ कारवाही गरिने समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**– प्रमुख प्रशासकीय अधिकृत**



## दशरथचन्द नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
**गडी खलंगा, बैतडी**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति : २०८१/०१/०४ गते**

यस नगरपालिकाको मिति २०८०/१२/०२ गते राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरू मध्ये न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही तपसिल बमोजिमको ठेक्काको बोलपत्र स्वीकृतीको लागि छनौट गरिएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को (२) र (३) प्रयोजनार्थ सम्बन्धित सबैलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

| क्र. स. | ठेक्का न. | कामको विवरण | छनौट भएको फ्रमको नाम, ठेगाना | कवोल अंक (मु.अ.कर सहित) |
|---|---|---|---|---|
| १. | DCM/NCB/ WORKS/07/ 2080-081 | स्वास्थ्य चौकी भवन निर्माण Type 1 वडा नं.२ | श्री बोगटी एंड ब्रदर्स कन्स्ट्रकसन, द.न.पा.४, बैतडी | ४३,१७,६९७.८१ (अक्षरेपी रु. त्रिचालिस लाख सत्र हजार छ सय सन्तानब्बे रूपैया एकासी पैसा मात्र) मु.अ.क.सहित |

**प्रमुख प्रशासकीय अधिकृत**



## भावपूर्ण श्रद्धाञ्जली

**जन्ममितिः १९९०/११/०२**



**स्वर्गारोहण मितिः २०८०/१२/२२**

**स्व. नन्दकुमारी खड्का**

चन्द्रागिरी नगरपालिका वडा नं.१२ निबासी हाम्रा ममतामयी आमा **स्व. नन्दकुमारी खड्का**को दुःखद निधन भएको आज **तेह्रौं पुण्यतिथी**मा उहाँको आत्माको चीरशान्तिको कामना गर्दै **भावपूर्ण श्रद्धाञ्जली** अर्पण गर्दछौं ।

**छोरा/बुहारी** : विष्णु बहादुर खड्का, बिनिता खड्का
तथा
**समस्त खड्का परिवार**



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **DULCIS SWEETS AND PASTRIES COMPANY.**

पुर्व स्वीकृति मिति २०८०/०८/२४ पुन विज्ञापन स्वीकृति मिति २०८१/01/03 LT No :296258 चलानी नं. ६०२११२६४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 40 | 0 | 150 | ६४,९९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख ११ गते (23rd April 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1352/074/075

**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com, Website : www.omeganepal.com



## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस Panchasorna Group Pvt. Ltd. कम्पनीले CHINA बाट पैठारी गरेको दोहायको मालबस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारण जानकारीका लागि प्रकाशन गरिएको छ ।

| सि. नं. | मालबस्तुको विवरण | आकार प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पात्तिको मुलुक राष्ट्र | ईकाई | ईकाई प्रति मूल्य | प्रति ईकाई अधिकतम खुद्रा बिक्री मूल्य (MRP) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | RANGEHOOD CHIMNEY | N/A | BOSS | BOSS NP132 90CM MATT BLACK | N/A | CHINA | PCS | 18,415.00 | 20,515.00 | |
| 2 | RANGEHOOD CHIMNEY | N/A | BOSS | BOSS NP118 90CM MATT BLACK | N/A | CHINA | PCS | 13,290.00 | 14,890.00 | |

बिक्रेताको फर्मको नामः **Panchasorna Group Pvt. Ltd.** स्थायी लेखा नंः **606749170**
ठेगानाः **Pespsikola-32, Kathmandu, Nepal** फोन नंः **9801171012**

टोखा बिस्काजात्रा

# सिन्दूरजात्रासहित रथलाई टोल परिक्रमा



**काठमाडौं-** ऐतिहासिक, धार्मिक र पुरातात्त्विक महत्त्व बोकेको टोखाको बिस्का नख: (जात्रा)को चौथो दिन सोमबार सिन्दूरजात्रासहित रथलाई परिक्रमा गरिएको छ । गत चैत मसान्तदेखि सुरु भएको जात्राको चौथो दिन सोमबार बिहान ७ बजे तपलाक्षी:बाट देवतासहितको रथलाई सिन्दूरजात्रा गरी टोल परिक्रमा गरिएको थियो । बिहान ११ बजे हासल टोलमा सबै रथ बिसाइएको छ । सोमबार नै दिउँसो तलेजु गुथीबाट जीवित गणेश, कुमारीसहित पूजा ल्याएर सिन्दूरजात्रा गरी सरस्वती र महादेवको रथबाहेक अन्य रथ पोखरीमा चोख्याउनका लागि लगिएको नेवा गुथी: टोखाका अध्यक्ष रमेश नापितले जानकारी दिए ।

यस्तै, उक्त रथलाई मसानकालीको मन्दिर र गाउँको परिक्रममा गरी आजै साँझ कोनेलाक्षी:मा बिसाइएको छ । सोमबार रातभर भक्तजन रथको अगाडि भजनकीर्तन गरी जाग्राम बस्ने चलन रहेको छ ।

बिस्काजात्राको चौथो दिन सोमबार नेपाल कम्युनिस्ट पार्टी एमालेका नेता एवं पूर्वसंस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री आनन्द पोखरेल, कांग्रेस नेता एवं काठमाडौं क्षेत्र नं ५ का सांसद प्रदीप पौडेल, टोखा नगरपालिकाका प्रमुख प्रकाश अधिकारीलगायत जात्रामा पुगेका थिए । टोखा नगरपालिकाले जात्राका अवसरमा सोमबार टोखाको वडा नं २ र ३ मा र आज मंगलबार अर्थात् जात्राको अन्तिम दिन टोखा नगरपालिकाभर सार्वजनिक बिदा दिएको छ । *रासस*


## नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको बैंकमा धितो राखेको चल/अचल सम्पत्ति लिलाम बिक्री गर्ने सम्बन्धी ०७ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति : २०८१/०१/०४)

यस बैंक (साबिक नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था)का तपसिलमा उल्लेखित ऋणीले यस बैंकबाट उपभोग गर्नुभएको कर्जा रकम बैंकसँग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिर्न बुझाउनको लागि बैंकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणीले ऋण कर्जा तिर्नेतर्फ पूर्ण वेवास्ता गरि कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ । लिलाम हुने दिनसम्म उक्त कर्जाको सम्पूर्ण साँवा, व्याज तथा हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउन सकिने व्यहोरा सम्बन्धित ऋणी तथा जमानीकर्ताहरु समेतलाई यो सूचनाद्वारा जानकारी गराईन्छ । उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणी लगायत सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन बमोजिम प्रक्रिया अगाडि बढाउने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंकलाई धितोबन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट** लिलाम बिक्री गरिने भएकाले सो सम्पत्ति खरिद गरिलिन ईच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिनसक्ने र उक्त सम्पतिबाट बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति**
२०८१/०१/१०

**बोलपत्र खोलिने मिति**
२०८१/०१/११ दिउँसो ३ बजे

**तपसिल**

| क्र. सं. | कर्जा शिर्षक | ऋणीको नाम, थर, वतन तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण | धितो सुरक्षणमा रहेको चल/अचल सम्पत्तिको विवरण |
|---|---|---|---|
| १. | विविध कर्जा | **ऋणी : गार्डेन मार्ट प्रा.लि.**<br>दर्ता नं. : २२२३८१/०७६/०७७<br>ठेगाना : का.म.न.पा. १६, बालाजु, काठमाडौं<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. केदार नाथ शर्मा**<br>(ना.प्र.नं. २१७३९, मिति २०५०/०८/०८ मा जि.प्र.का. बाँकेबाट जारी भएको)<br>बाबु : रत्नाखर शर्मा<br>बाजे : रविलाल शर्मा<br>**२. गिता शर्मा**<br>(ना.प्र.नं. ९८१५, मिति २०५९/०४/०६ मा जि.प्र.का. बाँकेबाट जारी भएको)<br>पति : केदार नाथ शर्मा<br>ससुरा : रत्नाखर शर्मा<br>**३. काल्स शर्मा**<br>(ना.प्र.नं. ६६-०६-७४-००९४२, मिति २०७४/०३/२० मा जि.प्र.का. बाँकेबाट जारी भएको)<br>बाबु : केदार नाथ शर्मा<br>बाजे : रत्नाखर शर्मा | यस बैंकको नाममा धितो सुरक्षणमा रहेका विविध सामान तथा उपकरणहरु :<br>(क) पेय पदार्थ<br>(ख) घरायसी सामानहरु<br>(ग) स्वास्थ्य तथा सरसफाइका सामानहरु<br>(घ) इलेक्ट्रोनिक सामानहरु तथा अन्य सामानहरु |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना** :

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरि/गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ । तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा वढी हुने प्रक्रियामा समेत धितो धनीलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैंले सकार गरिलिएमा पछि मेरो/हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैंले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन । साथै धितो लिलाम बिक्री सम्बन्धि अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन् ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

**नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड**
दरबारमार्ग काठमाडौं, नेपाल, पोष्ट बक्स नं.: ३४१२
फोन नं. ९७७-१-४२२८२२९, ४२४२५३०
इमेल: info@nimb.com.np, वेबसाइट: www.nimb.com.np



## SUNAWARSHI MUNICIPALITY
## OFFICE OF THE MUNICIPLE EXECUTIVE
DAINIYA, MORANG
KOSHI PROVINCE

### INVITATION FOR BID

**Published date: 2081/01/04 (2024/04/16)**

1. Sunawarshi municipality, office of the municipal executive, Dainiya, Morang invites electronics bids from eligible bidder for the procurement of the following works under national competitive bidding procedures. The name and identification of the contracts are as follows:

| Contract ID | Particular | Estimated amount Nrs (Without Vat & PS) | Bid security Amount Nrs | Bid Document Price Nrs |
|---|---|---|---|---|
| SUNMUN/ROAD/ 080/81-10 | Kashidham mandir dekhi paschim ward office hudai main sadak samma sadak starunnati garne karya | 38,81,668.29/- | 1,00,000 /- | 3,000 /- |
| SUNMUN/ROAD/ 080/81-11 | Amardaha bajar chhetra (sunawarshi-02) sadak starunnati | 41,23,700.40/- | 1,10,000 /- | 3,000 /- |

2. Eligible Bidder may obtain further information from sunawarshi municipality, Office of the municipal executive, Dainiya, Morang, Tel- 9852078183 Email: sunbarsimun@gmail.com
3. Eligible Bidder may obtain further information and inspect the bidding Documents through website www.bolpatra.gov.np/egp and deposit cost of Bidding Document in bank name of the Bank:- Himalayan Bank Ltd, Dainiya, Morang. A/C Name:- **Sunavarshi Ga-1-1 Antarik Rajaswa Khata. A/C No: 26856389230138** & For **Bid Security (SUNAVARSHI GA-3 DHARAUTI KOSH KHATA:- A/C No:- 26856389230178)**
4. A complete Set of Bidding Documents May be purchased (electronically) from the Office Of sunawarshi Municipality Dainiya Morang By eligible Bidders by downloading the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost (non-refundable fee as mention in the 5th column of above table on or Before 2081/02/02 during office hours.) of bidding document in the Project's Rajaswa (revenue) account as specified above and the scanned copy (pdf format) of the bank deposit voucher shall be uploaded by the bidders at the time of electronic submission of the bid.
5. Bids must be submitted to the office of the sunawarshi municipality by electronically on before 12:00 noon on 2081/02/03. Bids received after this deadline will be rejected.
6. The Bids will be opened in the presence of Bidders representatives who choose to attend on Jestha, 3rd, 2081 13:00 hrs at sunawarshi municipality Dainiya, Morang. Bids must be valid for a period of 90 days and must be accompanied by Bid security, which shall be valid for minimum of 30 days beyond the Bid validity period.
7. If the last date of purchasing, submission and opening falls on government holiday then next working day shall be considered the last date. In such case the Bid validity and Bid security shall Remain the same as specified for the original last date of Bid submission.
8. The employer reserves the right to accept, or reject, wholly or partly any or all the Bids without assigning reason whatsoever.
9. Any additional matter not recovered by this shall be in accordance with the prevailing public procurement Act 2063, and public procurement Regulation 2064 of GON.

**Chief administrative officer**



## चौतारा साँगाचोकगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**चौतारा, सिन्धुपाल्चोक**
**बागमती प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(प्रकाशित मिति २०८१/०१/०४)**

चौतारा सागाचोकगढी नगरपालिका, चौतारा, सिन्धुपाल्चोकबाट मिति २०८०/११/२४ गते प्रभाब दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार रित पुर्बक म्याद भित्र www.bolpatra.gov.np/egp मा दर्ता हुन आएका बोल्पत्रदाताहरुको बोलपत्र मुल्यांकन गर्दा न्युनतम मुल्याङ्कीत सारभूत रुपमा प्रभावग्राही भएको निम्न बमोजिमको बोलपत्रदताहरुको बोलपत्र स्वीकृत गरिने भएकोले सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७ उपदफा (२) तथा सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | ठेक्का नं. | निर्माण कार्यको प्रकृति | न्युनतम मुल्याङ्कीत सारभुत रुपमा प्रभावग्राही भएका बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक रु. (भ्याट, कन्टिजेन्सी र PS बाहेक) |
|---|---|---|---|---|
| १ | CSGM/NCB /WORKS-16/2080/081 | Construction of Irkhu Health Office Building. CSGM-08 | Subash Construction, Chautara Sindhupalchok | १७,४४,०५८.५२ |

**प्रमुख प्रशासकीय अधिकृत**
**चौतारा साँगाचोकगढी नगरपालिका**



## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस G.K. Group Pvt. Ltd. कम्पनीले CHINA बाट पैठारी गरेको दोहायको मालबस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारण जानकारीका लागि प्रकाशन गरिएको छ ।

| सि. नं. | मालबस्तुको विवरण | आकार प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पात्तिको मुलुक राष्ट्र | ईकाई | ईकाई प्रति मूल्य | प्रति इकाइ अधिकतम खुद्रा बिक्री मूल्य (MRP) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | RANGEHOOD CHIMNEY | N/A | SMART | GK82-24Y01 | N/A | CHINA | PCS | 6,800.00 | 7,680.00 | |
| 2 | RANGEHOOD CHIMNEY | N/A | SMART | GK82-24Y03 | N/A | CHINA | PCS | 6,890.00 | 7,780.00 | |

बिक्रेताको फर्मको नाम: **G.K. Group Pvt. Ltd.** | स्थायी लेखा नं: **601889022**
ठेगाना: **Pespsikola-32, Kathmandu, Nepal** | फोन नं: **9801171012**

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## बजेट अनुशासनविपरीत रकमान्तर रोक

सरकार यतिखेर नयाँ बजेट अर्थात् आगामी आर्थिक वर्ष २०८१/८२ को बजेट तयारीमा जुटेको छ । बजेट भाषणका लागि अब मात्रै डेढ महिना बाँकी छ । मुलुकको संवैधानिक व्यवस्थाअनुसार आगामी आर्थिक वर्षको बजेट जेठ १५ गते संघीय संसद्को संयुक्त बैठकमा प्रस्तुत गर्नुपर्छ । नयाँ बजेटको तयारी गरिरहँदा चालु आर्थिक वर्षको बजेट कार्यान्वयन भने निकै निराशाजनक अवस्थामा छ । चालु आवको नौ महिना सकिसक्दा बजेटको स्रोत व्यवस्थापन र खर्च दुवै कमजोर अवस्थामा रहेको छ ।

सरकारी खर्च र आम्दानीको हिसावकिताव राख्ने आधिकारिक निकाय महालेखा नियन्त्रक कार्यालयको सोमबारसम्मको तथ्यांक हेर्दा सरकारको कूल खर्च र आम्दानी ५२ प्रतिशतको हाराहारीमा छ । बजेटको बाँकी लक्ष्य पूरा गर्न अब सरकारसँग तीन महिनामात्र छ । महालेखाको तथ्यांकअनुसार सोमबारसम्म सरकारले लक्ष्यको ५१.४८ प्रतिशतमात्र राजस्व संकलन गर्न सकेको छ । राजस्व सरकारको मुख्य आम्दानीको स्रोत हो । किनकि बजेटको स्रोतमा सबैभन्दा ठूलो हिस्सा राजस्वले ओगटेको हुन्छ । गैरराजस्वतर्फ भने ६५ प्रतिशत लक्ष्य हासिल गरेको देखिन्छ । अनुदानमा हालसम्म ५.५२ प्रतिशतमात्र उपलब्धि भएको देखिन्छ ।

नौ महिनामा सरकारको खर्चमा ५२.२४ प्रतिशत प्रगति भएको तथ्यांक छ । यसमा अधिकांश चालु खर्चतर्फको बजेट छ । तथ्यांकअनुसार चालुतर्फ ५६.७२ प्रतिशत र वित्तीय व्यवस्थातर्फ ५४.८१ प्रतिशत प्रगति हुँदा पुँजीगत खर्च ३२ प्रतिशतमा सीमित भएको छ ।

यही अवस्थाबीच सरकार धमाधम रकमान्तर, कार्यक्रम संशोधन र विविध शीर्षकबाट खर्च बढाउन अग्रसर भएको छ । चालु बजेटको खर्च बढाउन धमाधम रकमान्तर गरिरहेको छ । अर्थमन्त्री वर्षमान पुनको सचिवालयका अनुसार पछिल्लो एक महिनामा मात्र सरकारी निकायबाट एक अर्ब ६३ करोड रूपैयाँ रकमान्तर गरेको छ । यस्तै दुई अर्ब ६३ करोड रूपैयाँबराबरको कार्यक्रम संशोधन गरिएको छ भने विविध शीर्षकमा राखिएको तर हालसम्म खर्च नभएको बजेटबाट ३६ अर्ब ५० करोड रूपैयाँ खर्च गरिएको छ ।

अर्थ मन्त्रालयले खर्च बढाउन लिएको यो नीति कति उपयुक्त हो ? बहसको विषय बनेको छ । एक महिनामै यति ठूलो बजेट रकमान्तर गर्नु राम्रो संकेत हुँदै होइन । बजेटको एउटा शीर्षकबाट अर्को शीर्षकमा पैसा पठाएर खर्च गर्ने यस्तो कामप्रति अख्तियार दुरूपयोग अनुसन्धान आयोगले यसअघि प्रश्न उठाइसकेको छ । यस्तो कार्य भ्रष्टाचारसरह हुने भन्दै अख्तियारले अर्थ मन्त्रालयलाई सचेत गराएको थियो । त्यसविपरीत धमाधम रकमान्तर र कार्यक्रम संशोधन गरिरहेको छ, अर्थ मन्त्रालय । खर्च बढाउने नाममा यसरी रकमान्तर गर्नु बजेट अनुशासनकै उल्लंघन होइन ? नियमसंगत केही रकम आवश्यकताका आधारमा रकमान्तर हुनुलाई स्वाभाविक मान्न सकिन्छ तर खर्च बढाउनकै लागि रकमान्तरको नीति लिनु ठीक होइन । यस्तो कार्य रोक्नुको विकल्प छैन । र, आगामी बजेट निर्माण गर्दा यथार्थपरक बनाउन सके अर्को वर्ष यो प्रवृत्ति नदोहोरिएला कि ?

## मनन्योग्य

### चाणक्य नीति

मन्त्री राक्षसले दण्डको डर देखाई राज्य सन्चालन सायद राम्रैसँग गरेकै होला तर जनताबाट नाना किसिमका कर लिई भरिएको राजकोप कसरी लुटाइरहेछ, यो सबैमा त्यो राक्षस त्यति नै दोषी छ जति नन्द दोषी छ । मैले नन्दलाई समाप्त गर्नैपर्छ मगधका लागि यस राजाको कुनै आवश्यकता छैन ।

मगधका लागि म आफै राजाको खोजी गर्नेछ । चाणक्यले दिएको बुद्धिले नै त्यो राजाले शासन गर्छ । चाणक्य यी सबै सोच्दै थिए । साप्ताहिक समीक्षाको कारवाही सुरु भयो । उनले देख दरबारिया मन्त्रीगण कसरी राजाको चाटुकारी गरिरहेछन् ।

यो देखी चाणक्यको रिस सीमाबाहिर भयो । क्रोधपूर्ण भई सभाका बीचमै उनी उत्रिए । यसरी रोषमा आएका, सफा धोती फेरेका, सेतो सफा कपडा काँधमा राखेका काला रंगका, अगाडिका दुई दाँत भाँचिएका अग्लो र दुब्लो शरीर, निधारमा त्रिपुण्डक धारण गरेका कपालविनाको शिर तर दुप्पी खुला पारेका, घाँटीमा रुद्राक्षमाला, काँधमा जनै ढल्दै गएको यौवन, एक साधारण ब्राह्मण तर मुखमा धविद्वत्ताको प्रचण्ड तेज भएका यस्ता अज्ञात ब्राह्मण बीच सभामा आएको देख्दा सबै झस्किए ।

चाणक्यलाई देखेर महापद्म नन्द राजा झस्किए । तर, उनले सम्हालिएर भने- "के कुरा हो ब्राह्मणदेवता । तपाई को हुनुहुन्छ कहाँबाट आउनुभयो ?" चाणक्यले क्रोधपूर्ण स्वरमा जवाफ दिए- "राजा नन्द ! म को हुँ यो त पछि समयले बताउनेछ, तर म तक्षशिलाबाट आएको हुँ मेरो जन्म यही मगध देशमा भएको हो, आम्भीले आत्मसमर्पण गरेको देखी यहाँ आएको थिएँ ।

सिकन्दरले मगध पनि आफ्नो अधीनमा नपारोस् उसलाई ईश्वरले व्यासबाटै फिर्ता गरे, तर देख्दछु नशा र सुन्दरीमा मदान्ध मगधदेशको राजा लर्खराउने खुट्टाले त्यो आँधीको सामना गर्न के सक्दथ्यो । राजा नन्द । तिमीलाई यो पनि थाहा छैन, मगध एउटा दन्दनाएको ज्वालामुखी भइरहेछ । कहिले ज्वालामुखी फुट्छ । जुन राजाका हात युद्धमा शत्रुको शिर काट्नमा प्रयोग हुन्छ त्यही हात नर्तकी, वेश्या, कामिनीका साथ मोजमस्तीमा लागिरहन्छन् । क्रमशः

# सेतो मच्छिन्द्रनाथको महिमा



पदम श्रेष्ठ

सेतो मच्छिन्द्रनाथ जनवाद्योको रथारोहण चैत्रशुक्ल अष्टमी (चेतेदसैं) देखि सुरु भई पूर्णिमाका दिन बालाजु बाइसधारामा नुहाउने ल्हुती पून्हीनसम्म चल्दछ । जमल तीनधारा पाठशालाबाट नौतले शिखरशैलीको सेतो मच्छिन्द्रनाथको रथ भोटाहिटी, असन, हनुमानढोका, चिंकमुगलहुँदै लगनको माँ सीमा (आमाको रूख) पुन्याएपछि विधिवत्रूपमा सम्पन्न हुन्छ । उत्तरी कोलीयग्राम केलटोल जमल र दक्षिणी कोलीयग्राम लगन ह्युमतबीचको सम्बन्ध नवीकरण गर्ने पर्वका रूपमा पनि लिइन्छ, सेतो मच्छिन्द्रनाथको रथारोहणलाई ।

संसारमा दुःखी, गरिब, असहाय भई निर्वाण प्राप्त गर्न बाँकी व्यक्ति जबसम्म रहिरहन्छन् तबसम्म आफूले बुद्धत्व ग्रहण नगर्ने प्रतीज्ञा गरेका ईश्वर हुन्, आर्यावलोकितेश्वर सेतो मच्छिन्द्रनाथ । बौद्ध महायानी आस्थानुसार संसारमा १०८ लोकेश्वर अर्थात् लोकको कल्याण गर्ने ईश्वर रहेका छन् । तीमध्ये नेपाल खाल्डोमा मुख्यतया चार लोकेश्वरको विशेष पूजा तथा जात्रा हुने गर्दछ ।

१) रोग र सम्बन्धिविच्छेद समाधान गरिदिने चोभार कीर्तिपुरको आनन्दादी लोकेश्वर, आदिनाथ ।
२) वर्षा र सहकाल ल्याइदिने पाटन बुङ्मतीको भृंगपाद अवलोकितेश्वर रातो मच्छिन्द्रनाथ, बुंगद्यो ।
३) सृष्टि र स्थितिलाई समानान्तररूपमा लैजाने नालाको सृष्टिकान्ता लोकेश्वर, नाला लोकेश्वर ।
४) मृत्युलाई पनि टाढा पुऱ्याउने केलटोल (कोलीय टोल) काठमाडौंमा आर्यावलोकितेश्वर, जनबहाः ।

यी चार लोकेश्वरमध्ये सेतो मच्छिन्द्रनाथ जनवाद्योको रथारोहण चैत्रशुक्ल अष्टमी (चेतेदसैं) देखि सुरु भई पूर्णिमाका दिन बालाजु बाइसधारामा नुहाउने ल्हुती पून्हीनसम्म चल्दछ । जमल तीनधारा पाठशालाबाट नौतले शिखरशैलीको सेतो मच्छिन्द्रनाथको रथ भोटाहिटी, असन, हनुमानढोका, चिंकमुगलहुँदै लगनको माँ सीमा (आमाको रुख) पुऱ्याएपछि विधिवत्रूपमा सम्पन्न हुन्छ । उत्तरी कोलीयग्राम केलटोल जमल र दक्षिणी कोलीयग्राम लगन ह्युमतबीचको सम्बन्ध नवीकरण गर्ने पर्वका रूपमा पनि लिइन्छ, सेतो मच्छिन्द्रनाथको रथारोहणलाई ।

रथारोहण तीनधाराबाटै थाल्नुको कथनअनुसार, लुम्बिनी, कपिलवस्तुमा विरुद्धकद्वारा भएको शाक्यवंशको आमहत्या सँगसँगै उपत्यका भित्रिएका कोलीय (भगवान् गौतमबुद्धका मावली खलक) ले यो जात्रा थालेका हुन्, भनिन्छ । तिनै उत्तरी कोलीयग्राम जमल केलटोलका बासिन्दाले खेत खन्दा मच्छिन्द्रनाथको मूर्ति फेला पारेका थिए । जुन मूर्तिलाई राजा गुणकामदेवले सपनामा देखेअनुसार केलटोल कनक चैत्यको पश्चिममा स्थापना गराएको वंशावलीमा उल्लेख छ । केलटोलमा कलात्मक प्यागोडा शैलीको आर्यावलोकितेश्वर मन्दिर प्रतिस्थापित छ भने ने.सं. ७०८ देखि राजा शिवसिंह मल्लले मूर्ति भेटिएको स्थान जमल तीनधारा पाठशालाबाट चैतेदसैंको दिन रथारोहण थालेको बताइन्छ । खर्गटोल निवासी दखबाजु प्रधानले गुठी स्थापना गराएको कथन पाइन्छ ।

### दशमीका दिनः

गुरुजु पल्टन बाजागाजासाथ नवमीका दिन असन अन्नपूर्णस्थलमा बास बसाइन्छ । सोही स्थानमा कनफट्टा जोगी नाथ सम्प्रदायद्वारा जुगीचक्र पूजामा राँगाको बलि दिइन्थ्यो तर ज्यापु समुदायले बौद्ध देवतालाई बलि नदिने भनेपछिव र्तमानमा नरिवल फुटाएर चढाउने गरिएको छ । सोही दिन हनुमानढोका कालभैरव बास बसाइन्छ ।

### एकादशीका दिनः

भोलिपल्ट लगनस्थित मच्छिन्द्रनाथकी आमा रुखलाई भव्य बाजागाजा लावालस्करका साथ तीनपल्ट



परिक्रमा गराएपछि यस वर्षको जात्रा सकिन्छ ।

### आदिनाथ चोभार न्हवा महास्नानः

काठमाडौंको जमलबाट चैते दसैंका दिन जनवाद्यो सेतो मच्छिन्द्रनाथको रथारोहण भइरहँदा कीर्तिपुर चोभारको आदिनाथ (आनन्दादी लोकेश्वर) को न्हवँ महास्नान हुने गर्दछ । महास्नान आदिनाथ प्रतिस्थापन दिवस हो ।

कलिगत सम्वत् ३४०३ मा राजा अंशुबर्माद्वारा चोभार आदिनाथ स्थापना भएको कथन छ । आख्यानअनुसार ललितपुर थैवको बैजु टोलमा असिना परी दुःख दिन थाले छ । रिसको झोंकमा ज्यापुले देवताको मूर्तिलाई नदीमा बगाइदिएछन् । तर देवता रहेको नेखु नदीमा कुष्ठरोगीले नुहाउँदा रोग निको भएछ । तथ्य बुझ्दा थाहा पाई च्वयबहाः (माथिल्लो विहार)मा देवतालाई विधिवत् प्रतिस्थापन गरे तर देवतालाई राँगा बलिका साथ पूजा गर्दा देवता कोफ भई रोगादिले विकराल रूप लिएछ ।

बिरामीलाई सपनामा आफूलाई हिंसा नगर्न बताएपछि लुभुका नेम्कुललाई पुजारी र नन्दग्वाला (गोपाली)सँग सल्लाह गरी दशकर्मसहित न्हवँ (महास्नान) गराई हरेक रोगव्याधि सौम्य पारिएको बताइन्छ । भाषा वंशावलीमा राजा गुणकामदेवद्वारा क.सं.३८२५ ताका महास्नान चलाएको उल्लेख छ । यहाँ महास्नान गरिँदा दशकर्म (नेवार समाजमा गरिने जन्म न्वारान, पास्नी, व्रतबन्ध, इही, बाह्रा, जंकु मृत्युकर्म) सम्पूर्ण कर्म गरिन्छ । चौलाथ्व पारु असनमा अजिमाँ खट जुधाउने दिन आदिनाथको महास्नान न्हवँ हुन्छ । आदिनाथलाई पूजा गर्दा तेस्रोलिंगीका रूपमा संस्कार गरिन्छ ।




# सिंहका वरिपरि हुँडार र स्याल !

एउटा ठूलो जंगल थियो । त्यो जंगलमा बडेमानको सिंहले आफूलाई राजाका रूपमा सबैले स्वीकार गर्न बाध्य बनाएको थियो । सिंह जंगलको राजा नै थियो । त्यो जंगलमा लामो समयदेखि सिंह हराएको थियो । सिंह हराएदेखि जंगलमा बस्ने अन्य जनावरहरू को ठूलो भन्नेमा तँछाडमछाड गरिरहेका थिए । हराएको सिंह आज आउला कि भोलि आउला भन्दा भन्दै लामो समयसम्म सिंह आफ्नो जंगलमा फर्केर आएन !

सिंह जंगलमा नआएपछि वरपर रहेका साना जंगलका ठूला जनावरले त्यो ठूलो जंगललाई आफ्नो बनाउने प्रयास गरिरहे । त्यही जंगलमा जम्मिएका, हुर्किएका जनावरहरूलाई बाहिरबाट आएका साना सिंहका हुँडारहरूले तह लगाइरहेका थिए । मानौं त्यो जंगलको राजा नै उनीहरू नै हुन् ।

विचरा ती जंगली जनावरहरू आफ्नो दैनिकीमै मस्त थिए । आफ्नो जंगलको सिंह राजा हराएको वर्षौं भइसकेको थियो । सिंह कुर्दाकुर्दै उनीहरूले साना जंगलका हुँडारबाट निकै नै सास्ती खेप्नुपरेको थियो । त्यो कुरा सिंह आउलान् र सुनाउला भन्ने थियो ।

जंगलका राजा सिंह नहुँदा त्यो जंगल पनि कता-कता उराठ लाग्ने बनेको महसुस गरेका थिए, जनावरहरूले । उनीहरू जति नै जंगल सुरक्षा र समृद्धि गर्न खोजे पनि उनैलाई हैरान पार्थे ती स्याल र हुँडारहरूले । विचरा जनावरहरूको न सुनाउने ठाउँ थियो न सुनिदिने सिंह नै थिए । निकै अन्यायमा परेका थिए ती रैथाने जनावरहरू !

जंगलमा सिंहको नाम गरेर हुँडार र स्यालहरूले रजगज गरिरहेको थिए । जंगलका निकै उत्कृष्ट जडीबुटीहरू सत्यानास पारिरहेका थिए । आफूभन्दा कमजोर जनावरलाई त उनीहरूले जंगलबाट नै लखेटिरहेका थिए । हुँडार र स्यालहरू जंगल रित्तो पार्न चाहन्थे र आफैं राज गर्न । तर पनि कतिपय जंगली जनावरहरू हुँडार र स्याललाई आफ्नो बलबुताले भ्याएसम्म ङ्चार ङुर गर्न भने छाडेका थिएनन् ।

जंगलमा रहेका मृग, हरिण, हात्ती, बाँदर, सर्प, बिच्छीलगायतका जनावरहरू न त जंगल छाड्न सक्ने अवस्थामा थिए न त हुँडार र स्यालको कर्कसो स्वर सुनेर बस्न ! तर ती बाध्य थिए ।

हुँडार र स्याल मिलेर जंगली जनावरलाई हैरान बनाएपछि एक दिन हात्तीले भन्यो, 'हेर साथी हो, म जति नै ज्यानले ठूलो भए पनि त्यो हुँडार र स्यालसँग डराउनुपर्ने अवस्था आयो । अब यसरी कति दिन बस्ने ? म त यो जंगल छाडेर जाँदै छु !'

हात्तीको कुरा सुनेर मृग पनि हो मा हो थपिरहेको थियो । 'हात्ती दाइको कुरा मलाई निकै चित्त बुझ्यो, मैले त अस्तिनै जान खोजेको हो भन्नै नसकेर बसिरहेको थिएँ ।' यो जंगलमा हामीलाई न्याय दिने कोही नभएपछि किन बस्नु । अरू पल्लो जंगलमा शरण लिएर बस्दा खुसी भइन्छ ।

मृगको अत्यास टिठलाग्दो भनाइ सुनेर बाँदर मुसुमुसु हाँसिरहेको थियो । बाँदर हाँसेको देखेर हरिणले भन्यो, 'होइन ओई बाँदर तँ चाहिँ किन हाँसिरहेको छन् । यहाँ झन् सबैको दुःखलाई पार कसरी लगाउने भन्ने छलफल गरिराख्या छौं, ऊ भने खित्काउँदै हाँस्छ !'

हरिणले आफूलाई झपारेपछि बाँदर पनि झोक्किँदै भन्छ, 'हुतिहाराहरू आफूलाई ठूला सम्झने धेरै दगुर्छु भन्ने मसँग कसैसँग नभएको कस्तुरी छ भन्ने । म डसेर पनि मार्न सक्छु भन्ने तिमीहरू जंगली जनावर लाछी भएको देखेर हाँसेको नि । तिमीहरू जस्तो आफ्नो थाकथलो छाडेर हुँडार र स्यालसँग डराएर भाग्नु छैन मलाई ।

बाँदरले साथीहरूलाई शक्ति थपिदियो । जंगला छाडेर जान्छु भन्ने हात्ती र मृगलाई अलि जोश बढेर आयो । मृगले फेरि भन्यो । 'तिमीले साँच्चै भनेको कि हामीलाई बर्बाद पार्न भनिरहेका छौं ?'

तिमीजत्तिको बुद्धिमानीले म जस्तो बाँदरलाई यस्तो कुरा भनेको सुहाँउछ ? म त लड्ने हो । हुँडार र स्यालले आफूलाई सिंह सम्झिरहको छन् । ती सिंह हुँदै होइन । तिनीहरूसँग म जाबो बाँदर लड्न खोजेको छु भने हात्ती दाइ त्यसै डराएर अर्काको ठाउँमा जाने ?

बाँदरको भनाइ ठिकै लाग्यो भन्न थाले हात्ती पनि । हात्ती हात्ती नै हो सबैको साथी पनि हो । तिमीहरूले जे भन्छौं म त्यही गर्छु ।

अहिले यो जंगललाई अन्याय भइरहेको छ । जंगलमा बस्ने तिमीहामी पनि अन्यायमा परेका छौं । हुँडार र स्यालहरू त्यो सानो सिंहका वरिपरि छन् । त्यत्तिकैमा तिमीहरू डराइरहेका छौं । तर म बाँदर हुँडारहरूलाई तह लगाउँछ भन्नेमा ढुक्क छु । अनि यही जंगलका सिंह आउँछन् र हामीलाई न्याय गर्छन् भन्नेमा पनि ढुक्क छु । यदि मलाई सबैले साथ दिने हो भने म यी हुँडार र स्यालसँग कुस्ती खेल्छु ।

बाँदरले हुँडार र स्यालविरुद्ध हुङ्कार गरे पनि हात्तीले आफ्नो सुँडलाई फनक्क पारेर घुमायो । आँखा रातो रातो बनायो । मृगले तीनफन्का फनऽन फन्क्यो । मानौं अब यी जंगली विभिन्न जाति मिल्न खोजिरहेका छन् ।

बाँदरको कुरा सुनेर वरपर मौन बसेका बिच्छी, सर्प, भ्यागुता, हरिण, चमेरो, सुगालगायत पनि आ-आफ्नो किसिमले हुँडार र स्यालसँग लड्छु भन्दै हात्तीका सामु आए । जंगलमा बसेका सबै जनावरहरू एक भएर भोलि विहान सवेरै हुँडार र स्यालाई वरिपरिबाट घेर्ने योजना बनाए ।

सबैले आ-आफ्नो योग्यता देखाउन र एकले अर्कालाई सहयोग गरेर सानो सिंहको वरिपरि बसेर सबलाई तह लगाउने कुचेष्टा गरिरहेका हुँडार र स्याललाई खेद्ने निधो गरे । उनीहरू एक रातका लागि कोही कतै नछुट्टिने वाचा पनि गरे ।

यी जनावरहरूले वाचा गरेजस्तै हुँडार स्यालको बासस्थान तिर लागे । मध्यरातमा सानो सिंहको वरिपरि मस्त मारिरहेका हुँडारका छेउ पुगेर हात्ती जंगलै थर्कने गरी करायो । बाँदरले आफूले बोकेको धारिलो हतियार हुँडारलाई प्रहार गऱ्यो । हुँडार र स्यालल थर्थर काँप्न थाले ।

जंगलका सबै जनावरहरू एकै ढिक्का भएर आएको देखेपछि उनीहरूले सानो सिंहसँग कानेखुसी गर्न थाले । सानो राजा, अब हाम्रा दिन गएजस्तो छ । हामीले जति मस्त गऱ्यौं गऱ्यौ । अब यी जंगली जनावर एक ढिक्का भएर हामीलाई सिध्याउने गरी आएका छन् । हामी यो जंगलबाट भागेर आफ्नै जंगल जानुको विकल्प छैन भने ।

हुँडार र स्यालले सानो सिंहसँग कानेखुसी गरेको चाल पाएको हात्तीले एक पाइला अघि गरेर आफ्नो सँडले हुँडारलाई अठचाउने प्रयास गर्न खोजेको मात्र के थियो । हुँडार, स्याल र सानो सिंह जंगलबाट कुलेलम ठोके !

# बसाइँसराइको प्रभावले वन डढेलो बढ्दो



**बलेवा (बागलुङ)-** डोकोभरि स्याउला बोकेर जंगल हुँदै घर हिँडेका गोठाला आजभोलि गाउँघरमा देखिँदैनन् । कुनै समय गोठमुनि खात लाग्ने मलखात स्याउला आजभोलि गाउँ छेउको पाखोबारीमै खात लागेको छ । नजिकैको जंगलबाट झरेर आउने स्याउला कसैले टिप्दैनन् । गाउँघरमा पशुचौपाय पाल्नेको संख्या घट्दै जाँदा बाँझो बारीको घाँस सुकेको छ । चैत/वैशाखको घामले सुकेका स्याउला, झाडी र घाँसकै कारण आगलागीका घटना बढिरहेका छन् ।

यो वर्षको सुक्खायाम सुरु भएपछि बागलुङका वनक्षेत्रमध्ये ५० प्रतिशतमा आगलागी भइसकेको छ । पाखोबारी, घरछेउका जंगल र झाडीबाट सुरु भएको आगो घना वनक्षेत्रसम्म फैलिएका घटना डिभिजन वन कार्यालयमा सूचीकृत छन् । आगलागी हुने प्राकृतिक विपत्ति हो तर आगलागी भइसकेपछि नियन्त्रणमा लिने जनशक्ति गाउँघरमा छैनन् ।

'हिजो मल बन्ने पातपतिंगर आज आगलागीका कारण भएरहेका छन्, खेती हुने जमिनमा घाँस र झाडी फैलिँदै जंगलमा लागेको आगो घरसम्मै आइपुग्छ,' डिभिजन वन कार्यालयका अधिकृत सरोज पन्थीले भने, 'बसाइँसराइका कारण गाउँ खाली हुँदा आगलागीका घटना बढे, आगो समयमा निभाउनसक्ने जनशक्ति पनि छैन गाउँमा ।'

पातपतिंगरको उपयोग बढाउने, समयसमयमा झाडी फँडानी गर्ने र पानीका स्रोत बढाउने हो भने आगलागीका घटनामा कमी आउनेमा सामुदायिक वनका उपभोक्ता सहमत छन् । 'जंगलमा लागेको आगो निभाउन सकिन्थ्यो तर हामीसँग पर्याप्त पानीका स्रोत तथा आगो निभाउने औजार छैनन्,' रामरेखा सामुदायिक वनका उपभोक्ता कृष्ण शर्माले भने, 'नियम बनाएर तीन/तीन महिनामा झाडी फँडानी गरौं, पातपतिंगरलाई मलको रूपमा विकास गरौं । यसमा राज्यले सहयोग गर्नुपर्दछ ।'

कतिपय आगो मानवीय क्रियाकलापमा हुने त्रुटिबाट डढेलो बन्छ भने कतिपय ठाउँमा नियतबस आगो लगाइन्छ । नियतबस आगो लगाउनेलाई कारबाही गर्ने कानुनी व्यवस्था भए पनि सूचनाको अभावमा आगलागी जस्तो आपराधिक घटनामा संलग्न कानुनको दायरामा नआउने प्रहरी उपरीक्षक ऋषिराम कँडेलले बताए ।

'घर छेउको जंगलमा आगो लाग्दा सबै रमिते हुन्छन् । प्रहरी आएन भनेर आलोचना गर्छन् तर समयमा सूचना दिँदैनन्,' उनले भने, 'आगलागी गर्ने व्यक्तिका विषयमा सूचना पाए कारबाही हुन्छ । यो कुरा अरूका लागि पनि सिकाइ हुन्छ ।' आगो निभाउनका लागि सूचना ढिलागरी आउँदा जोखिमपूर्ण अवस्थामा विनाबजेट र औजार आगोसँग प्रहरी खेल्नु परेको गुनासो कँडेलले गरे ।

घाँस राम्रो पलाउने, जंगली जनावर तथा पन्छीहरूको सहजै सिकार गर्न पाइने लोभका कारण मानव सिर्जित आगलागी बढेको राष्ट्रिय प्रकृति संरक्षण कोष गण्डकी जलाधार, जलवायु उत्थानशिल आयोजना पोखराका अधिकृत सुनिल सापकोटाले बताए । पश्चिमाहरूको सिको गरेर झाडीमा आगो लगाउँदा वन मासिएको उनको भनाइ छ । वनजंगल, जडीबुटी र वातावरण संरक्षणका विषयमा जनचेतनाको अभावले आगलागीका घटना बढेको जिल्ला विपद् व्यवस्थापन समितिले जनाएको छ ।

पोखरी, कुवालगायत पानीका स्रोत मासिनु, झाडी तथा बुटयान क्षेत्र बढ्नु र मानिसमा चेतनाको अभाव हुनुलगायत कारणले प्रत्येक वर्ष घटना दोहोरिने गरेको सहायक प्रमुख जिल्ला अधिकारी चित्रांगल बरालले बताए । उनका अनुसार जिल्लामा ढोरपाटन सिकार आरक्ष, तीन राष्ट्रिय वन क्षेत्र र ५४० सामुदायिक वन तथा दुईवटा निजी वन छन् भने कयौं हेक्टरमा सूचीकृत भइनसकेको निजी वन क्षेत्र छ ।

यसैबीच डिभिजन वन कार्यालय आयोजना र राष्ट्रिय प्रकृति संरक्षण कोष गण्डकी जलाधार, जलवायु उत्थानशील आयोजनाको सहयोगमा वन डढेलो व्यवस्थापनसम्बन्धी एकदिने तालिम सम्पन्न भएको छ ।

बढ्दो डढेको नियन्त्रणका लागि सामुदायिक वनका उपभोक्ता तथा सरोकारवालाका लागि डढेकोका कारण मानव जीवन र वातावरणमा परिरहेको प्रभाव तथा डढेको नियन्त्रका लागि अपनाउनुपर्ने सतर्कताका विषय तालिममा जानकारी गराइएको थियो । साथै कार्यालय परिसरमा आगो नियन्त्रणको अभ्यास पनि गराइएको थियो । *रासस*


## ZERO FEE RECRUITMENT FOR MALAYSIA
## शून्य लागत सहित मलेसियामा वैदेशिक रोजगारको अवसर

Free Visa! Free Ticket ! Free Passport ! Free Medical Checkup ! Free Visa Processing! No Recruitment Fee ! Free Food, accomodation &Transportation From Pre-Interview To Deployment.

नि : शुल्क भिसा, नि: शुल्क हवाई टिकट, नि : शुल्क राहादानी, नि : शुल्क स्वस्थ्य जाँच, नि:शुल्क भिषा प्रकिया, कुनै पनि सेवाशुल्क नलाग्ने, अन्तर्वार्ता पास भएदेखि उडानसम्म नि:शुल्क यातायात, आवास र खाना

COMPANY: ELNA -SONIC SDN BHD
कम्पनी : एल्ना - सोनिक एसडीयन. बीएचडी.

पूर्व स्वीकृति मिति : २०८१/०१/03 | LT. No. 303493 एल टि न. ३०३४९३ | Invoice No. 60218318 चलानी नं. ६०२१८३१८

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब: Monthly Salary रिंगिट RM | ने.रू. NPR | ओभर टाईम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | वार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविधा Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. 1. | फ्याक्ट्री वोर्कर Factory Worker | 0 0 | २५ 25 | आधारभूत अङ्ग्रेजी पढ्न, लेख्न र बोल्नमा दक्ष Proficient in reading, writing & speaking basic English | १५०० 1500 | ४२,३०० 42,300 | क. नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | क. नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

- Pre-selected candidates are only allegeable for final interview, Selected candidates will only process for further processing.
  पूर्व-छनोट भएका उमेद्वार मात्र अन्तिम अन्तर्वार्ताका लागि योग्य हुनेछन् । साथै छनोट भएका उमेद्वारहरुको मात्र बाँकी पक्रिया अगाडि बढाइनेछ ।
- Nepal's government has implemented a strict rule banning the use of intermediaries or middlemen. Therefore, our recruitment procedure clearly prohibids the engagement of any intermediaries or middlemen.
  नेपाल सरकारले कुनै पनि विचौलीया वा मध्यस्थकर्ताको प्रयोग कानूनी रुपले बन्द गरेको छ । तसर्थ हाम्रो भर्ती प्रक्रियामा कुनै विचौलीया वा मध्यस्थकर्तालाई पूर्ण रुपमा निषेध गरिएको छ ।
- Candidates are required to submit their job applications directly to Mass Human without utilizing any intermediaries. Neither applicants nor their relatives or family members are compelled to pay any recruitment fees, bonds, deposits, or offer gifts for securing employment.
  आवेदकहरुलाई कुनै पनि मध्यस्थकर्ताको प्रयोग बिना सिधा आवेदन गर्न अनुरोध गदर्छौ । आवेदक, आवेदकको परीवारका सदस्य, आफन्त र साथीभाईले यस रोजगारीको लागि कुनैपनि प्रकारको शुल्क, धितो, पेश्की वा कुनै पनि किसिमको उपहारहरु दिने वा दिनको लागि बाध्य पारिने छैन ।
- We highly recommend that all applicants thoroughly review and comprehend the details regarding our commitment to Zero Fee Ethical Recruitment in connection to the available positions. The relevant information is accessible at the Mass Human office premises, conveyed through materials such as flex, banners and notices.
  यस मास ह्यूमन रिसोर्स प्रा.ली.ले शून्य लागत साथै न्यायोचित भर्तीको लागि गरिएको प्रतिवद्धता सम्बन्धी जानकारी मूलक सूचनाहरु यस प्रा.लि.को कार्यालय परिसर हप्ताभित्र फ्लेक्स, ब्यानर तथा सूचना मार्फत उल्लेख गरिएको हुनाले सो बारे पूर्ण रुपमा जानकारी लिनुहुन अनुरोध गदर्छौ ।
- Mass Human Resource Pvt. Ltd always follow recruitment procedures which are intentionally structured to ensure fairness and transparency with Zero tolerance specifically pertaining to our "NoRecruitment Fee" policy.
  मास ह्यूमन प्रा.लि "शून्य भर्ती शूल्क" सम्बन्धी सून्य सहनशिलताको साथ निश्पजता र पारदर्शिता सुनिश्चित गर्ने संस्था भएकाले सम्पूर्ण भर्ती प्रक्रियाको पूर्ण पालना गर्दछ ।
- If you encounter any instances of corruption, misconduct, financial demands, or coercion into illegal activities, please do not hesitate to contact us directly, to our hotline number at +977-9851164025 or send an email to grievance.massmngt@gmail.com. Your concerns will be addressed promptly and confidentially.
  हामी कुनै पनि प्रकारको भ्रष्टाचार/दुराचार प्रति शून्य सहनशिलता राख्छौं । यदी कोही कसैले यस कम्पनीमा भर्ती हुन कुनै किसिमको प्रलोभन, आर्थिक माग र कुनै अवैध क्रियाकलाप गर्न/गराउन खोजेमा हाम्रा सबै मूल्यवान सरोकारवालाहरुलाई हाम्रो हटलाइन नम्बर +९७७-९८५११६४०२५ वा इमेल grievance.massmngt@gmail.com. मार्फत सम्पर्क गर्न अनुरोध गर्दछौं । हामी तपाईको गोपनियत कायम राख्नेछौं ।

Interview will be conducted on 23rd Apr, 2024 in Office Premises.
अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख ११ गते हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने ग्यादे जीवन बिमाकसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सुचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

An ISO 9001:2015 CERTIFIED COMPANY

**Mass Human Resource Pvt. Ltd.**
(ISO Certified Ethical Recruitment Company)
SAMAKHUSI, KTM, Nepal, TEL: 4983088, 4955765
Govt. License 938/067/068



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : RESTORAN MAKANAN LAUT VILLAGE

पूर्व स्वीकृति मिति २०८०/०३/०४ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/०३ | LT. No. 288128 | चलानी नं. ६०२०३३९८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Crew | 4 | 0 | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख ११ गते (23rd April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Humour Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. ७७७/०६५/०६६
Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424
Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ATALLAH FACTORY FOR IRON DECORATION

पुर्व स्वीकृति मिति २०८०/१२/२३ | LT No. 303165 | चलानी नं. ६०२१८३११

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 2 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख ११ गते (23rd April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Career Development Human Resource Pvt. Ltd.**
श्रम ईजाजत नं. १२३०/०७४/०७५
Buddhanagar, New Baneshwor, Kathmandu, Nepal Phone : 01-4784063, 4784064, Fax: 01-4784063 E-mail: info@careerdevelopmenthr.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FLOWER SWEET COMPANY FOR SWEETS AND PASTRIES.

पुर्व स्वीकृति मिति : २०८०/०५//२९ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०१/०३ | LT No.292600 | चलानी न ६०२०७७६६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook / Cook | 20 | 0 | 120 | ५१,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Tools Cleaner | 20 | 9 | 100 | ४३,२१० | | | | | | | |
| 3 | Light Driver | 20 | 0 | 135 | ५८,३३० | | | | | | | |
| 4 | Worker / Product Packaging | 15 | 3 | 110 | ४७,५३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख ११ गते (23rd April 2024) मा हुनेछ ।

नोट : साथै यस म्यानपारको लागि Accountant र Documentation को पनि आवश्यकता परेको हुँदा इच्छुक व्यक्तिहरूले सम्पर्क गर्नुहोला ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Dubai Overseas International Pvt. Ltd.**
श्रम ईजाजत नं. ७५१/०६४/०६५
Maharajgunj-3, Kathmandu, Nepal Tel No:+977-15905763/015905351
Fax No: +977-4383351, Mobile: 984-5642103, Email Id: dubaioverseas2016@gmail.com


## PANCHKHAL MUNICIPALITY
## OFFICE OF MUNICIPAL EXECUTIVES
### PANCHKHAL, KAVREPALANCHOK
### BAGMATI PROVINCE, NEPAL

## Invitation for Bids

**Date of publication: 2081/01/04**

**Panchkhal Municipality invites electronic bids from Nepalese eligible bidders for the supply of goods (as mentioned in the table below) under National Competitive Bidding procedures.**

| S. N. | IFB NO. | Description of work | Estimated Amount (Exclusive VAT) NRs | Bid security amount (NRs) | Bid document fee (NRs) |
|---|---|---|---|---|---|
| 1 | PM/GOODS/02/080/81 | SUPPLY AND DELIVERY OF AGRICULTURE EQUIPMENTS | 86,28,876.11/- | 2,20,000/- | 3,000/- |

| Code | Name of the bank, office account no | Time and place for Pre-bid meeting | Last date for bid submission | Bid opening date | Bid/ Bid security Validity period (days) |
|---|---|---|---|---|---|
| Office code 30-365-15 Rajashwa Shirshak no. 11691 | Nepal Bank ltd., Panchkhal Branch 12403000001001000001 ग १.१ पाँचखाल न. पा., आन्तरिक राजश्व खाता) (for bid fee) ((ग ३.१ पाँचखाल न. पा. धरौटी खाता)) 12403000003000000001 (for bid security) धरौटी खाता | Panchkhal Municipality Office at 2:00 PM, 2080/01/24 | on or before 12:00 Noon on 2081/02/03 | 2081/02/03 at 1:00 PM, at the office of Panchkhal Municipality. | 90/120 |

Eligible Bidders may obtain further information at the office of Panchkhal Municipality, Panchkhal, panchkhal.municipality@gmail.com, 011499453 or may visit PPMO website www.bolpatra.gov.np/egp.

# प्रभाव दैनिक

मंगलबार ४, वैशाख २०८१ (Tuesday, April 16, 2024)





## सुटिङमा 'सारंग'

बालमनोविज्ञानको बिषयमा निर्माण हुन थालेको फिल्म 'सारंग' को सुटिङ सुरू भएको छ । आइतबारदेखि फिल्मको सुटिङ काठमाडौँमा सुरू भएको हो । फिल्मका सुटिङ काठमाडौँ आसपासको स्थानमा गरिनेछ । केही दिन अगाडि निर्माण घोषणा भएको फिल्म प्रशान्त तामाङले निर्देशन गर्न लागेका हुन् । फिल्ममा ऋचा शर्मा ,उत्पल झा, समीरमणि दीक्षित, सुरज तमु, मणि के राई, अनिषा न्यौपाने, निरज ब्ल्याक, दीपीका थापा, सुमन सागर जंग केसीको अलवा बालकलाकारद्वय सम्राट थापा र आदित्य कार्कीको पनि मुख्य भूमिका रहनेछ । कोरियोग्राफर समेत रहेका निर्देशन को रूपमा समेत परिचित निर्देशक तामाङकै लेखन रहेको फिल्मले बालमनोविज्ञान, बालअधिकारको अलवा धनी र गरिब परिवारबिचको खाड्ल कथा बनाएको छ ।



# 'द रेड सुटकेस' हेर्न हल पुगे बाबुराम

■ प्रभाव संवाददाता




**काठमाडौं–** पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले आइतबार बेलुका सुन्धारास्थित सिडिसी सिनेमामा छोरी मानुषी भट्टराईसँगै चलचित्र 'द रेड सुटकेस' हेरेका छन् । यो चलिचत्र हेरेपछि उनले यसको शैली र शिल्पप्रति जिज्ञासा व्यक्त गरेका छन् ।

फिल्म हेर्दै उनले द रेड सुटकेस जस्तो फिल्म आजसम्म कतै पनि नहेरेको प्रतिक्रिया उनले दिए । फिल्म सकिएपछि निर्देशक फिडेल देवकोटालाई प्रतिक्रिया दिने क्रममा उनले द रेड सुटकेसको शैली प्रति जिज्ञाषा राखेका थिए । यो चलचित्रलाई पूर्व प्रधानमन्त्री बाबुरामले फरक र अनौठो चलचित्रको रूपमा चर्चा गरे ।

'यस्तो खाले नेपाली सिनेमा पहिले कहिलै बनेको छ ? कस्तो सिनेमा भन्छन यसलाई ?' बाबुरामको प्रश्न थियो । जवाफमा लेखक तथा निर्देशक फिडेल देवकोटाले आफूले म्याजिक रियालिजमको प्रयोग गरेर सिनेमा बनाएको उत्तर दिएपछि बाबुरामले थपेका थिए, 'ग्याब्रियल मार्खेजको जस्तो हैन त ?' फिडेलले बाबुरामको ठम्याइमा सहमति जनाएका थिए । बाबुरामले फिल्मको विषयवस्तु समसामयिक भएको र दृश्यहरू पनि सुन्दर रहेको प्रतिक्रिया दिएका थिए । फिल्मको प्रशंसा गरिरहँदा उनले निर्माण टिमलाई दर्शक जम्मा गर्ने चुनौतीका बारेमा अवगत गराएका थिए । बाबुरामसँगै फिल्म हेर्न आएकी मानुषी भट्टराईले भने फिल्म नेता तथा नीति निर्माण गर्ने ओहदामा बसेका सबैले अनिवार्य रूपमा हेर्नुपर्ने खालको रहेको टिप्पणी गरेकी थिइन् ।

'देश के हो र हामी वर्तमानमा कसरी बाँचिरहेका छौँ भन्ने कुरा फिल्मले छर्लङ देखाएको छ । यो आम दर्शकसँगै देशको नीति निर्माण गर्ने तहमा बसेका सबैले हेर्नुपर्ने फिल्म बनेको छ । मलाई त फिल्म असाध्यै सुन्दर लाग्यो,' मानुषीको भनाइ थियो ।

चैत ३० गतेबाट मुलुकका ४ दर्जन भन्दा बढी चलचित्र घरमा प्रदर्शन भईरहेको चलचित्र द रेड सुटकेसले बलियो वर्ड अफ माउथ पाएको छ । लेखक, कवि तथा कलाकारले चलचित्रको मुक्तकण्ठले प्रशंसा गर्दै चलचित्रले कलात्मक फिल्म निर्माणको इतिहासमा नयाँ मानक स्थापना गरेको प्रतिक्रिया दिएका छन् । आइसफल प्रडक्सनका लागि शोभा थापा र रामकृष्ण पोखरेलको निर्माण रहेको फिल्मलाई फिडेल देवकोटाले लेखन तथा निर्देशन गरेका हुन् । फिल्ममा सौगात मल्ल, विपिन कार्की, प्रविण खतिवडा र सृष्टि श्रेष्ठको मुख्य भूमिका रहेको छ ।

# 'बढे मियाँ छोटो मियाँ'को दृश्य विवादमा

■ प्रभाव संवाददाता

**मुम्बइ (प्रस)–** अक्षय कुमार र टाइगर श्राफको फिल्म 'बडे मियाँ छोटे मियाँ' को एउटा दृश्यलाई लिएर हंगामा मच्चिएको छ । यो दृश्यमा मस्जिद भित्र बम विष्फोट भएको मानिसहरूको दाबी छ । यो दृश्यको क्लिप र स्क्रिनसट सेयर गरेर मानिसहरूले निर्मातालाई राम्रो र नराम्रो भनिरहेका छन् ।

अब निर्माताहरूले यी सबै दाबीको जवाफ दिएका छन्। उनले मस्जिदमा बम विष्फोटको सिलसिलालाई लिएर चलिरहेको अफवाहबारे स्पष्टीकरण दिएका छन् । फिल्मका सह निर्माताले दर्शकको यो गलत धारणा प्रति सफाइ दिदैं यो दाबी पूर्ण रूपमा गलत भएको बताए । उनका अनुसार यस दृश्यमा बम कुनै धार्मिक स्थलमा नभई गुम्बजमा विष्फोट गरिएको थियो ।

टाइम्स अफ इन्डियाका अनुसार निर्माताहरूले दिएको बयानमा भनिएको छ, "केही भिडियोहरू इन्टरनेटमा फैलाइँदै छन्। 'बडे मियाँ छोटे मियाँ'को सुटिङका क्रममा मस्जिदमा बम विष्फोट भएको बताइएको छ । चलचित्र निर्माताको हैसियतमा हामी संस्कृतिको सम्मान गर्छौं भनेर देखाउन चाहन्छौं। हामी धार्मिक कुरालाई सम्मान गर्छौं। हाम्रो फिल्ममा विस्फोट गुम्बजमा भएको थियो। यसको कुनै धार्मिक स्थल वा मस्जिदसँग कुनै सम्बन्ध छैन ।'

निर्माताहरूले जनतालाई यस्ता झुटो दाबीहरूमा विश्वास नगर्न अपिल गरेका छन्। गल्ती खोज्ने उद्देश्यले फिल्म हेर्नु हुँदैन । यो मनोरन्जन उद्देश्यका लागि हेर्नु पर्छ । यस स्पष्टीकरणको उद्देश्य कुनै पनि प्रकारको भ्रम हटाउनु पनि रहेको उनले बताए । जसले गर्दा दर्शकले कुनै भ्रमविहीन फिल्मको मजा लिन सकून् ।

बीएमसीएमको कलेक्शनको कुरा गर्ने हो भने तेस्रो दिन ८.५ करोड कमाएको छ । फिल्मले पहिलो दिन १५.५ करोडको ओपनिङ गरेको थियो । दोस्रो दिन ७.६ करोड कमाएको थियो । यसले तीन दिनमा कुल ३१.७ करोड कमाएको छ ।

# सिड्नीमा 'महाजात्रा'ले तोड्यो 'जात्रै जात्रा'को रेकर्ड




■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली फिल्मको लागि दोस्रो ठूलो बजार मानिने अष्ट्रेलियाको सिड्नीमा 'महाजात्रा' ले रेकर्ड ब्रेक गरेको छ । यसअगाडि 'जात्रै जात्रा' ले बनाएको २७ शोको रेकर्ड ब्रेक गर्दै अप्रिल १५ मा २८ औं शो भएको हो । अर्थात् यसले आफ्नै अघिल्ला सम्पूर्ण रेकर्ड ब्रेक गरेको छ । यसका साथै सिड्नी र अष्ट्रेलियामा बनाएको रेकर्ड आउँदो शनिवारसम्म तोड्ने डायस्पोरा वितरक कम्पनि एमएसएम इन्टरटेनमेन्टस् र सिड्नीमा प्रदर्शन गरिरहेको रोटेपिङले जनाएको छ ।

सिड्नी प्रदर्शक रोटेपिङका रोशन भट्टराईका अनुसार 'जात्रै जात्रा' को रेकर्ड हाउसफुल हुँदै तोडेको बताए । 'हाम्रो फिल्मले बनाएको अघिल्लो रेकर्ड सबै आजदेखि तोडेको छ । महाजात्राले सिड्नीमात्र नभई अष्ट्रेलियामा अहिलेसम्म बनेको सबै रेकर्ड तोडेर नयाँ इतिहास बनाउने छ', प्रदर्शक भट्टराईले भने । डायस्पोरा वितरक एमएसएम इन्टरटेनमेन्ट्सका अनुसार सिड्नीमा मात्र नभई अमेरिका, क्यानाडा, युरोप अन्तर्गतका देशहरू, मध्यपूर्वका देशहरू, बेलायतलगायतका देशमा समेत नयाँ नयाँ रेकर्ड बनाइरहेको छ ।

कार्यकारी निर्माता रवीन्द्रसिंह बानियाँले छिटै सम्पूर्ण देशको शो सफ्या र व्यापारको विषयमा जानकारी गराउने बताए । प्रदीप भट्टराईको लेखन तथा निर्देशनमा तयार भएको 'महाजात्रा' नेपालमा चौथो सातामा पनि उच्च अकुपेन्सीसहित प्रदर्शन भइरहेको छ ।

'जात्रा' र 'जात्रै जात्रा' पछि षट्कोण आर्ट्सले निर्माण गरेको तेस्रो भाग 'महाजात्रा' ले तीन सातामा तेइस करोड एक लाख ग्रस कलेक्सन गरेको छ । दर्शकबाट प्राप्त प्रतिक्रिया र ब्राण्डले निर्माण गरेको हाइपको आधारमा फिल्म स्वदेश र विदेशमा नयाँ नयाँ रेकर्ड बनाउने बाटोमा छ । फिल्मलाई प्राप्तले शोले 'महाजात्रा' नयाँ वर्षमा पनि आक्रामक व्यापार गरिरहेको छ ।

फिल्ममा हरिवंश आचार्य, वर्षा राउत, दिव्य देव, अर्जुनजंग शाही, प्रकाश घिमिरे, राजाराम पौडेल, प्रवीण खतिवडा, सुमन कार्की, शिशिर बाङ्देल, गौमाया गुरुङ, अरविन खड्का लगायतको अभिनय रहेको छ । म्याक्स दीपेश खत्री र यज्ञश्वर पौडेलले संयुक्त रूपमा निर्माण गरेका फिल्मका कार्यकारी निर्माता रवीन्द्रसिंह बानियाँ हुन् ।

## रंगशाला

### एसिसी प्रिमियर कप क्रिकेट

# नेपाल सेमिफाइनलमा




■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल एसिसी पुरुष प्रिमियर कप टि-ट्वान्टी क्रिकेट प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ । सोमबार भएको खेलमा हङकङलाई हराउदै नेपाल प्रतियोगिताको सेमिफाइनलमा पुगेको छ ।

ओमानको अल इमिरेट्स क्रिकेट मैदानमा भएको खेलमा नेपालले हंकङलाई आठ विकेटले पराजित गरेपछि समूह चरणको एक खेल अगावै समूह 'ए'बाट सेमिफाइनमा पुगेको हो ।

प्रतियोगितामा ६ अंक बटुल्दै नेपाल समूह 'ए'को शीर्ष स्थानमा छ । यसअघि नेपालले पहिलो खेलमा मलेसियालाई पाँच विकेटले पराजित गरेको थियो भने दोस्रो खेलमा कतारलाई ३२ रनले हराएको थियो ।

जितका लागि हङकङले दिएको एक सय १५ रनको लक्ष्य नेपालले १२ दशमलव २ ओभरमा दुई विकेट गुमाउदै पूरा गऱ्यो । नेपालका लागि आशिफ शेखले सर्वाधिक ४० रन बनाए । उनले १८ बलमा तीन छक्का र तीन चौका प्रहार गरे । त्यसैगरी कुशल भुर्तेलले १९ बलमा तीन चौका र दुई छक्काको मद्धतले ३२ रन जोडे । कप्तान रोहित पौडेलले २० बलमा तीन चौकाको मद्धतमा अविजित २५ रन जोडे भने सन्दीप जोराले १७ बलमा एक चौका र एक छक्काको सहयोगमा अविजित १९ रन बनाए ।

हङकङका इसान खान र यासिम मुर्ताजले समान एक/एक विकेट लिए ।

टस हारेर पहिला ब्याटिङको निम्तो पाएको हङकङले निर्धारित १७ दशमलव पाँच ओभरमा सवै विकेट गुमाउदै एक सय १४ रनको योगफल बनाएको थियो । हङकङका लागि अन्स्या रथले सर्वाधिक ३४ रनको योगदान दिए । उनले २६ बलमा चार चौका र एक छक्का प्रहार गरे ।

त्यस्तै जिसन अलिले १४ रन बनाउदा कप्तान निजकात खानले १२ रन बनाए । त्यस्तै इसान खानले ११ रन बनाउँदा त्यसबाहेक अन्य खेलाडीले दोहोरो अंकमा रन बनाउन सकेनन् ।

बलिङतर्फ नेपालका अभिनास बोहोराले तीन विकेट लिए भने ललित राजबंशी र दीपेन्द्रसिह ऐरीले समान दुई/दुई विकेट लिए । त्यस्तै करण केसीले एक विकेट झारे । नेपालले समूह चरणको अन्तिम खेल यही वैशाख ५ गते साउदी अरेबियासँग खेल्नेछ ।


### राहदानी हरायो

मिति २०८०/१२/०२ गते एरपोर्टदेखि किर्तिपुरसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम थर : **हेम बहादुर सुनुवार**
राहदानी नं : **१०१२९९२६**
ठेगाना: **किर्तिपुर, काठमाडौं**
फोन नं : **९७६५८२९८०४**

### माईग्रेसन हराएको सूचना

मितिः २०८०/१२/२२ गते जमलदेखि रत्नपार्कसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको **+2** को माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम : बिजय पन्त**
**रजिस्ट्रेसन.नं.:** ६५२७०३१३१
**सिम्बोल.नं.:** २२७०३१२८
**ठेगाना.:** धापाखेल–२, ललितपुर
**सम्पर्कः** ९८४९९०१५७६

### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा दर्ता भएको **प्रा.लि. नं. ७८३८२/०६७/००६८** को **राज पोखरा टुर्स एण्ड ट्राभल्स प्रा.लि.** को मिति २०८०/१२/२० मा सम्पन्न विशेष साधारणसभाको निर्णयले कम्पनी खारेजी गर्ने निर्णय गरेकोले उक्त कम्पनीसँग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाणसहित सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्विडेटरको कार्यालय नयाँबजार काठमाडौंमा सम्पर्क गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ । अन्यथा तोकीएको म्यादभित्र हक दावी गर्न नआए उक्त कम्पनी दर्ता खारेजीको प्रकृया अगाडी बढाई दर्ता खारेजी गरिनेछ ।

**लिक्विडेटरः राम प्रसाद तिवारी, इजाजतपत्र नं. ४२१**
**फोन नं.** ०१-४३६०२७५, ९८५१०६८४११, **ईमेल :** clnpservice@gmail.com

## दशरथचन्द नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### खलंगागढी बैतडी
### सुदूरपश्चिम, प्रदेश नेपाल

## Invitation for Bids

**First Date of publication: 2081/01/04 (17-04-2024)**

*Dasharathchand Municipality, Office of Municipal Executive Baitadi invites* electronic bids from Nepalese eligible bidders under National Competetive Bidding & Sealed Quotation procedures for the Following Works:

| S.N | IFB No. | Description Of Goods |
|---|---|---|
| 1. | DCM/NCB/Goods/01/ 2080-081 | Supply & Delivery of Breeding Buck and Goat of jamunapari, Sirohi & Boer Breed. |
| 2. | DCM/SQ/Goods/01/ 2080-081 | Procurement Supply and delivery of chicks for Rural Poultry Promotion For Nutritional Improvement. |

Please visit official website of PPMO (**www.bolpatra.gov.np/egp**) for more details.

**Chief Administrative Officer**



क्यानाडाको ब्रिटिस कोलम्बियास्थित एबट्सफोर्डमा रहेको एबट्सफोर्ड टचुलिप फेस्टिवलमा टचुलिपका पङ्क्तिहरूबीच फोटो खिच्दै मानिसहरू। *तस्बिरः सिन्ह्वा*

# जापानले येनको गिरावटलाई रोक्न आवश्यक कदम चाल्ने

**टोक्यो-** जापानका अर्थमन्त्री सुनिची सुजुकीले सोमबार विदेशी मुद्राको चलायमानलाई नजिकबाट नियालिरहेको बताएका छन्। उनले सोमबार अमेरिकी डलरविरुद्ध येन ३४ वर्षकै तल्लो तहमा झरेका कारण जापानले कारवाहीका लागि 'सबै आवश्यक कदम' चाल्ने टिप्पणी गरे।

ओरालो लागिरहेको जापानी मुद्रा टोक्योमा अमेरिकी डलरको तुलनामा करिब १५३.७० सम्म कमजोर भएको छ। यस्तो स्तर सन् १९९० पछि देखिएको थिएन। यसबाट जापानी सरकारका लागि सन् २०२२ मा गरेजस्तै हस्तक्षेप गर्ने सम्भावना सिर्जना भएको छ।

'हामीले घटनाक्रमलाई नजिकबाट नियालिरहेका छौं र सबै आवश्यक कदम चाल्नेछौं,' मन्त्री सुजुकीले पत्रकारहरूलाई भने।

जापानी येन पहिले नै विगतको स्तरभन्दा तल झरेको छ। जापानले पहिला नै गिरावट रोक्न हस्तक्षेप गरेको थियो। सन् २०२२ अक्टोबरमा एक अमेरिकी डलरको तुलनामा १५२ येनको नजिक पुगेपछि जापानी अधिकारीहरूले डलर बेचेर येन किनेका थिए। *रासस/सिन्ह्वा*

# तान्जानियामा बाढीका कारण ५८ व्यक्तिको मृत्यु

**नैरोबी, केन्या-** पूर्वी अफ्रिकी देश तान्जानियामा भारी वर्षा जारी रहँदा गत दुई हप्तामा बाढीका कारण ५८ जनाको मृत्यु भएको सरकारले जनाएको छ। तान्जानिया सरकारका अनुसार तटीय क्षेत्र सबैभन्दा बढी प्रभावित भएको र उक्त क्षेत्रमा बाढीले एक लाख २६ हजार ८३१ जना विस्थापित भएका छन्।



सरकारका प्रवक्ता मोभरे माटिनीले प्रभावितहरूलाई खाद्यान्नसहित आवश्यक आपूर्ति वितरण गरिएको बताए। तान्जानियाले भविष्यमा बाढी रोक्न आवाश्यक बाँध निर्माण गर्ने योजना बनाएको उनले बताए।

केन्यामा पनि अहिलेसम्म कम्तीमा १३ जनाको मृत्यु भएको जनाइएको छ। बाढीका कारण पूर्वाधार पनि क्षतिग्रस्त हुनुका साथै प्रवावित क्षेत्रमा बसोबास गर्नेहरूलाई सुरक्षित स्थानमा सार्न आग्रह गरिएको छ। यस महिनाको अन्त्य सम्ममा वर्षा चरम सीमामा पुग्ने अनुमान गरिएको छ। *रासस/एपी*

# इरानी आक्रमणपछि गाजामाथि दबाब बनाउने इजरायलको संकल्प

**प्यालेस्टिनी अधीनस्थ क्षेत्र-** इजरायलले रातभर गाजामा दर्जनौं हवाई आक्रमण गरेको हमासले सोमबार बताएको छ। इजरायली सेनाले भने इरानको अभूतपूर्व आक्रमणपछि आफू युद्धबाट विचलित नहुने बताएको छ। यसबाट यस क्षेत्रमा द्वन्द्वको आशंका बढेको छ।

इरानले शनिबार राति इजरायलमाथि ३०० भन्दा धेरै ड्रोन र मिसाइल आक्रमण गरेपछि विश्व शक्तिहरूले संयमता अपनाउन आग्रह गरेका छन्। यद्यपि इजरायली सेनाले इरानको अधिकांश आक्रमणलाई विफल पारेको बताएको छ।

यसै महिनाको प्रारम्भमा दमास्कसमा एउटा घातक आक्रमणको प्रतिशोधमा तेहरानले इजरायलमाथि गरेको पहिलो प्रत्यक्ष आक्रमण सम्पूर्ण क्षेत्रमा महिनौंसम्म भएको हिंसापछि भएको हो। उक्त हिंसामा इरानी 'प्रोक्सी' सहभागी थिए। इजरायलले युद्धग्रस्त गाजा क्षेत्रमा प्यालेस्टिनीहरूको समर्थनमा इरानले काम गरेको बताएको छ।

इजरायली सैन्य प्रवक्ता रियर एडमिरल डेनियल हगारीले आइतबार राति भने, 'इरानको आक्रमणमा पनि हामीले गाजामा आफ्ना बन्धकहरूलाई इरानका प्रोक्सी हमासबाट छुटाउन हाम्रो महत्त्वपूर्ण मिसनलाई एक पल पनि छाडेका छैनौं।'

मध्यस्थकर्ताहरूले अक्टोबर ७ मा हमासको आक्रमणबाट सुरु भएको युद्धलाई रोक्नका लागि एउटा सम्झौतामा ध्यान दिएका बेला सुदूर दक्षिणी सहर रफाहमा सेना पठाउने इजरायली योजनामाथि आशंकाहरू बढेको बताएका छन्। रफाहमा गाजाका २४ लाख मानिसमध्ये अधिकांशले शरण लिएका छन्।

'हमासले अझै पनि गाजामा हाम्रा बन्धकलाई राखेको छ,' हगारीले करिब १३० बन्धकका बारेमा भने। बन्धक बनाइएकामध्ये ३४ जनाको मृत्यु भएको अनुमान गरिएको छ। हमासको आक्रमणपछि उनीहरूले ती बन्धकलाई आफ्नो कब्जामा लिएको इजरायलले बताएको छ।

सैन्य प्रवक्ता हगारीले एक ब्रिफिङमा भने, 'रफाहमा हाम्रा बन्धक छन् र उनीहरूलाई घर फर्काउन हरसम्भव प्रयास गर्नेछौं।' यस क्षेत्रबाट अधिकांश स्थल सैनिकलाई फिर्ता बोलाएको करिब एक सातापछि सेनाले भनेको छ, 'गाजा मोर्चामा परिचालन गतिविधिहरूका लागि करिब दुईवटा रिजर्भ ब्रिगेडलाई बोलाइँदै छ।'

हमास सरकारको मिडिया कार्यालयले इजरायली विमानहरूले मध्य गाजामा रातभरमा 'दर्जनौं' आक्रमण गरेको बताएको छ। घेरिएको क्षेत्रको दक्षिणदेखि गाजा क्षेत्रसम्म तटीय सडकमा इजरायली चेकपोइन्ट पुनः खोलिएको हल्लाले आइतबार हजारौं प्यालेस्टिनीलाई उत्तरतिर जान प्रेरित गऱ्यो। यद्यपि इजरायलले चेकपोइन्ट खुला भएको भन्ने हल्लालाई अस्वीकार गरेको छ।

इरानी आक्रमणपछि संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्को आइतबार आपत्कालीन बैठक बसेको छ। बैठकमा इजरायलले तेहरानविरुद्ध नयाँ प्रतिबन्धका लागि दबाब दिएको छ। महासचिव एन्टोनियो गुटेर्रेसले मध्यपूर्व क्षेत्र 'युद्ध' को संघारमा रहेको चेतावनी दिए। *रासस/एएफपी*

# दक्षिण कोरियाको आइसिटी निर्यात मार्चमा पनि बढ्यो

**सोल-** दक्षिण कोरियाको सूचना र सञ्चार प्रविधि (आइसिटी) उत्पादनको निर्यात स्थानीय रूपमा निर्मित सेमीकन्डक्टरहरूको ठोस मागका कारण लगातार पाँचौं महिनामा बढेको सरकारी तथ्यांकले सोमबार देखाएको छ।



व्यापार, उद्योग र ऊर्जा मन्त्रालयका अनुसार मार्चमा आइसिटी उत्पादन ढुवानी १९.४ प्रतिशतले बढेर १८ अर्ब ८२ करोड अर्ब अमेरिकी डलर पुगेको छ। सेमिकन्डक्टर निर्यात गत महिना ३३.९ प्रतिशतले बढेर ११ अर्ब ६९ करोड डलर पुगेको छ। यो लगातार पाँचौं महिना दोहोरो अंकको विस्तार हो।

टेलिभिजन र कम्प्युटरका लागि प्रयोग हुने प्यानलको बलियो मागका कारण डिस्प्ले प्यानल ढुवानी १३ प्रतिशतले बढेर एक अर्ब ६२ करोड डलर पुगेको छ भने मोबाइल फोन निर्यात ६.६ प्रतिशतले बढेर ८८ करोड डलर पुगेको छ।

कम्प्युटर र पेरिफेरलहरूको ढुवानी २०.३ प्रतिशतले बढेर एक अर्ब दुई करोड डलर पुगेको छ भने सञ्चार उपकरणको निर्यात ७.१ प्रतिशतले घटेर २२ करोड डलरमा झरेको छ। आइसिटी उत्पादनहरूका लागि आयात एक वर्षअघिको तुलनामा १.२ प्रतिशतले घटेर मार्चमा ११ अर्ब ७० करोड डलर भएको छ। चिप्स, डिस्प्ले प्यानल र मोबाइल फोनका लागि आयात गत महिना बढे पनि कम्प्युटर र पेरिफेरलहरूका लागि आयात भने एकल अंकमा घटेको छ। *रासस/सिन्ह्वा*


**श्री वारसीबाबा सामुदायिक वन उपभोक्ता समूह**
नरैनापुर गा.पा.-४, बाँके

**गोलिया काठ बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मिति २०८१/०१/०४ गते)

यस सामुदायिक वन उपभोक्ता समूहले व्यवस्थापन गरेको वन क्षेत्रमा समूहको स्विकृत वन व्यवस्थापन अनुसार डि.व.का. बाँकेको च.नं. २५९४ मिति २०७९/१२/२८ को वन पैदावार संकलन सहमति बमोजिम उत्पादित काठ दाउरा समूहमा आन्तरिक खपत भै बाँकी रहेको काठ दाउरा डि.व.का. बाँकेको च.नं. ३१०३ मिति २०८०/१२/२७ गतेको बाह्य लिलाम सहमति बमोजिम समूहको घाटगद्दिमा रहेका साल लगाएतका गोलिया थान १०८ को १९६८.७० घ.मि. काठ तथा साल जातको दाउरा ५.०० चट्टा र अन्य जातका दाउरा १.०० चट्टा हाल जे-जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले सूचिकृत भएका उद्योगी वा स:मिलहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१औं दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको कार्यालय समयसम्म शिलबन्दी बोलपत्र दाखिला गर्नु हुन आव्हान गरिन्छ। विस्तृत सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको व्यहोरा सम्बन्धीत सबैमा सूचित गरिन्छ।

**कम्पनीको नाम परिर्वतन गरिएको सूचना**

**प्रथमटक प्रकाशित मितिः २०८१/०१/०४**

यस कम्पनीको मिति २०७९/०७/२१ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **आर्किड रिसर्ट प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **एभोकोडो एण्ड आर्किड रिसर्ट प्रा.लि.**(परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७९/०७/२७ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **एभोकोडो एण्ड आर्किड रिसर्ट प्रा.लि.** (प्रा.लि.नं.५६१८/२०४९/०५०) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ।



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NATIONAL CAPABILITIES COMPANY FOR COMMERCIAL SERVICES

पूर्व स्वीकृति मिति २०८०/१०/०४ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/०३ | LT. No. 298038 | चलानी नं. ६०२१३१९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 13 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख ११ देखि १३ गते (23-25 April 2024) सम्म हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कस ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले | सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

CENTRAL CAPITAL SERVICES PVT.LTD. | श्रम ईजाजत नं. ५७४/०६२/०६३

P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : JSC SECURITY SERVICES SDN.BHD.

पूर्व स्वीकृति मिति : २०७९/१२/२४ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/०३ | LT. No. 284215 | चलानी नं. ६०१९९७११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 18 | 0 | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख ११ गते (23rd April 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Munal Overseas Pvt. Ltd. | श्रम ईजाजत नं. ४६५/०६०/०६१

Kalamatidole, Airport, Ktm, Nepal. Tel.: +977-01-4561297, 4562046, 9806758605



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FALCON EYE SECURITY SERVICES

पूर्व स्वीकृति मिति २०८०/०६/०२ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/११/०३ | LT. No. 292690 | चलानी नं. ६०२०७८८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GUARD | 3 | 5 | 1500 | ५४,९५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख ११ गते (23rd April 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

दियालो इन्टरनेशनल इम्प्लोएमेन्ट एजेन्सी प्रा. लि.
पो.ब. नं.: २०१९, सिनामंगल काठमाडौं, फोन नं. ०१-४५६०९२२, ४५६०६००,
ईमेल : diyalointl@gmail.com, www.diyalo.com.np
Licence No.: 811/065/066



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५। लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६। ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२। दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफयाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १३७५०० | प्रति तोला - १३६८५० | प्रति तोला - १७१५ |



**नागढुंगा सुरुङमार्गको 'ब्रेक थ्रु'** | प्रधानमन्त्री पुष्पकमल दाहाल सोमबार नागढुंगा सुरुङमार्ग छिचोल्नका लागि स्वीच अन गर्दै । प्रधानमन्त्रीले स्वीच थिचेपछि धादिङ र काठमाडौं दुवैतर्फबाट खनिएको सुरुङ एकापसमा छिचोलिएको हो । *तस्बिरः रासस*

# 'परिसूचकले समृद्धिमा आशा जगाएका छन्'

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहालले पछिल्ला दिनमा देखिएका आर्थिक परिसूचकहरूले समृद्धिमा गुणात्मक आशा जगाएको बताएका छन् । नागढुङ्गा सुरूङमार्ग निर्माण आयोजनाको मुख्य सुरूङ 'ब्रेक-थ्रु' भएको अवसरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री प्रचण्डले सरकारको नयाँ समीकरणपछि राजस्व संकलनले आर्थिक सुधारको लय समातेको बताए ।

'आयातीत इन्धन घटाउँदै विद्युतीय सवारीमा प्रोत्साहन, सिमेन्ट निर्यातमा भएको महत्त्वपूर्ण प्रगति, जस्तपाता र स्टीलको निर्यातमा बढोत्तरी, पर्यटक आगमनमा भएको वृद्धि, उपत्यकाबाहिर हाउजिङ र अपार्टमेन्ट व्यवसायको विस्तारले सकारात्मक सन्देश प्रवाह गरेको छ', प्रधानमन्त्री प्रचण्डले भने ।

उनले भारतलगायत तेस्रो मुलुकमा विद्युत् निर्यातको समझदारी र तयारी, सडक पूर्वाधारमा सुरूङमार्गको नयाँ युगमा प्रवेश, रेमिट्यान्समा वृद्धिका कारण बाह्य व्यापारमा सहजता, सूचना-प्रविधिमा अर्बौंको आइटी सेवा निर्यात, स्टार्टअपमा प्रगतिलगायतका आर्थिक परिसूचकहरूले हामीलाई विकास र समृद्धिको नयाँ युगमा प्रवेशका निम्ति महत्वपूर्ण ऊर्जा दिएको उल्लेख गरे ।

प्रधानमन्त्रीले 'केही हुँदैन' भन्ने निराशाजनक भाष्य चिर्दै सुशासन, सामाजिक न्याय र समृद्धिको नयाँ मार्गमा ऐक्यबद्धता जाहेर गर्दै राष्ट्रिय उत्साह सिर्जना गर्न अपील गरे ।

यही वैशाख १६ र १७ गते अन्तर्राष्ट्रिय लगानी सम्मेलनको आयोजना गरिएको जानकारी दिँदै प्रधानमन्त्री प्रचण्डले नेपालको विकासमा लगानीका सम्भावनालाई अन्तर्राष्ट्रिय मञ्चमा आगामी सम्मेलनले जोड्ने विश्वास व्यक्त गरे ।

लगानीको वातावरण बनाउनका लागि सरकारले नीतिगत सुधारका कामहरू भइरहेको उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले नेपालको आर्थिक विकासका लागि वैदेशिक लगानीलाई प्रोत्साहन र आकर्षित गर्न आवश्यक रणनीतिका साथ अघि बढ्ने सरकारको तयारी रहेको बताए । नेपाल पूर्वाधार विकासको नयाँ गन्तव्यमा प्रवेश गरिएको बताउँदै प्रधानमन्त्री दाहालले सुरूङमार्ग निर्माणमा सहयोग गर्दै आएको मित्रराष्ट्र जापान सरकारलाई धन्यवाद व्यक्त गरे ।

## नागढुंगा सुरुङमार्गको 'ब्रेक थ्रु'

**काठमाडौं (प्रस)–** नेपाललाई सुरुङ युगमा लैजाने महत्वपूर्ण आयोजनाका रूपमा रहेको नागढुङ्गा सुरुङमार्ग छिचोलिएको छ ।

प्रधानमन्त्री पुष्पकमल दाहालले सुरुङ छिचोल्नका लागि स्वीच थिचेका थिए । प्रधानमन्त्रीले स्वीच थिचेपछि धादिङ र काठमाडौं दुवैतर्फबाट खनिएको सुरुङ एकआपसमा छिचोलिएको हो । धादिङको सिस्नेखोला र काठमाडौँको चन्द्रागिरि नगरपालिका-१ मा रहेको टोटीपाखामा सुरुङ जोडिएको छ ।

समारोहमा उपप्रधानमन्त्री एवं भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुवीर महासेठलगायतका उच्च अधिकारीको उपस्थिति थियो । यस्तै सङ्घीय सांसद एवं प्रदेश सांसदहरूको उपस्थिति थियो ।

नागढुङ्गाको घुमाउरो सडक र जामबाट आजित भएका नागरिकलाई उक्त सुरुङमार्ग निर्माण भएपछि थप सहज हुनेछ । छिचोलिएको सुरुङमार्गमा एक वर्षपछि नियमितरूपमा सवारी आवागमन हुने सम्बद्ध आयोजनाले जनाएको छ ।

नागढुङ्गा सुरुङ निर्माण परियोजनाका उपनिर्देशक गोविन्द दुमरका अनुसार एक विशेष समारोहबीच सुरुङको 'ब्रेक थ्रु' गरिएको हो । सो सुरुङमार्गको कूल लम्बाई दुई हजार छ सय ८८ मिटर छ । यसअघि नै आपतकालीनरूपमा प्रयोग गरिने सुरुङ भने गत साउनमा नै ब्रेक थ्रु गरिसकिएको छ ।

सुरुङभित्रको सडक ढलान, बत्ती जडान, अक्सिजन पाइप जडानलगायतका कामका लागि भने केही समय लाग्नेछ । आयोजनाको कूल लागत झण्डै रु २२ अर्ब बराबर छ । जापानी निर्माण कम्पनी हाज्मा एन्डो कर्पोरेशनले सो सुरुङमार्ग निर्माणको जिम्मा पाएको थियो ।

# नेप्सेमा दोहोरो अंकको गिरावट

**काठमाडौं (प्रस)–** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अंकको गिरावट देखिएको छ । सोमबार नेप्से परिसूचक १६ दशमलव ८२ अंकले घटेर दुई हजार छ दशमलव ५२ को बिन्दुमा कायम भएको हो ।

तीन सय १४ कम्पनीका ७२ लाख २३ हजार सात सय ७३ कित्ता सेयर ५० हजार पाँच सय २४ पटक खरिदबिक्री हुँदा रु दुई अर्ब ७९ करोड ७५ लाख ७७ हजार चार सय ३२ बराबरको कारोबार भएको छ ।

सबै समूहको उपसूचक घटेका छन् । सबैभन्दा धेरै वित्त समूह एक दशमलव ६४, उत्पादन तथा प्रशोधन एक दशमलव ५९ र होटल तथा पर्यटन समूह एक दशमलव १५ प्रतिशतले घटेको छ ।

माछापुच्छ्रे डिभेञ्चर २०८७ को सेयर मूल्य सात दशमलव ०९ र मेन्छियाम हाइड्रोपावर लिमिटेडको सेयर मूल्य सात दशमलव ०५ प्रतिशतले बढेको छ । सबैभन्दा धेरै घट्नेमा भने गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेड र डोल्टी पावर कम्पनी लिमिटेडको सेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ ।

कारोबार रकम र कारोबार भएका सेयर सङ्ख्याका आधारमा सबैभन्दा धेरै डादी ग्रुप पावर कम्पनी लिमिटेडको रु १७ करोड ७३ लाख ६८ हजार दुई सय ९५ बराबरको पाँच लाख २७ हजार नौ सय २६ कित्ता सेयर किनबेच भएको छ ।

# कर्पोरेट

## ग्लोबल आइएमई र आइएमई ट्राभल्सबीच सहकार्य




**काठमाडौं (प्रस)–** ग्लोबल आइएमई बैंक लिमिटेडले आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यका साथ बैंकको क्रेडिट कार्डबाहक ग्राहकहरूलाई सरल किस्ताबन्दीमा स्वदेश तथा विदेश भ्रमण योजना सार्वजनिक गरेको छ ।

आइएमई ट्राभल्ससँगको सहकार्यमा ल्याइएको यस योजनाअन्तर्गत हाल आन्तरिक पर्यटकीय स्थानहरू अन्नपूर्ण वेस क्याम्प, धार्मिक गन्तव्यको रूपमा स्थापित मुक्तिनाथ तथा अन्तर्राष्ट्रिय टुर प्याकेजमा थाइल्याड, वाली, दुवई भ्रमणको लागि सहुलियत मूल्यको योजनाहरू ल्याएको छ ।

बैंकले आन्तरिक भ्रमणका लागि न्यूनतम् ३,२१० रूपैँया र विदेश भ्रमणको लागि ६,००० रूपैँयाको सरल किस्ताबन्दी योजना ल्याएको हो । बैंकको क्रेडिट कार्डबाहक महानुभावहरूले आइएमई ट्राभल्समा गई आफूलाई अनुकूल टुर प्याकेज किस्ताबन्दीमा खरिद गर्न सक्नेछन् । साथै, यो योजनामा आवद्ध भई क्रेडिट कार्ड लिन चाहनुहुने महानुभावहरूलाई बैंकले कार्ड जारी शुल्कमा समेत ५० प्रतिशत छुट पाउनेछन् ।

ग्लोबल आइएमई बैंक मुलुकका सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । बैंकको ३५४ शाखा कार्यालय, ३७९ एटिएम, २७७ शाखा रहित बैंकिङ्ग सेवा, ६७ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १,१०० भन्दा बढि सेवा केन्द्र रहेका छन ।

## शिवम् सिमेन्टको ऐतिहासिक बिक्री

**काठमाडौं (प्रस)–** शिवम् सिमेन्टले नेपाली सिमेन्ट जगतमै इतिहास रच्दै सर्वाधिक १३.३१ करोड बोरा ओ.पि.सी. सिमेन्ट विक्री गर्न सफल भएको छ ।

अत्याधुनिक प्रविधि र दशकौंको अनुभवका साथ आफ्नै खानीको चुन ढुंगाबाट निर्मित उच्च गुणस्तरीय ओपिसी सिमेन्ट उत्पादन गर्दै आफ्ना ग्राहक उपभोक्ताको विश्वास र भरोसा जित्न सफल शिवम् सिमेन्ट सर्वसाधारणको लागि सेयर जारी गर्ने नेपालको पहिलो सिमेन्ट कम्पनी हो । शिवम सिमेन्टले ४३ र ५३ ग्रेडमा ओ.पि.सि. सिमेन्ट




उत्पादन गर्दै आएको छ । शिवम् सिमेन्ट एनएस क्वालिटी अवार्ड २०१९ प्रथमबाट सम्मानित नेपालकै पहिलो सिमेन्ट कम्पनी पनि हो ।

नयाँ वर्ष २०८१ का अवसरमा कम्पनीले आफ्ना सम्पूर्ण नेपाली दाजु-भाई र दिदी-बहिनीका साथ साथै उपभोक्तावर्ग, विक्रेतावर्ग, सेयरधनी महानुभावहरू, नियामक निकाय तथा शुभचिन्तकहरूमा शुभकामना सन्देश जारी गर्दै कम्पनीको प्रगति र सफलताको हरेक कदममा पाएको अटुट साथ, सहयोग र भरोसाका निम्ति कृतज्ञता ज्ञापन गरेको छ । साथै आगामी दिनमा निरन्तर गुणस्तरीय उत्पादन मार्फत यस सम्बन्धलाई थप उचाई तर्फ लैजाने प्रतिबद्धता समेत कम्पनीले जनाएको छ ।

सन् २००३ मा मध्य नेपालको हेटौडा, मकवानपुरमा स्थापित शिवम् सिमेन्ट उद्योगले स्थानीय उच्च गुणस्तरीय चुनढुङ्गाको प्रयोग गरी दैनिक ३००० टन ओ.पि.सि. सिमेन्ट उत्पादन गर्दै आएको छ । शिवम् सिमेन्ट ओ.पि.सि मात्र उत्पादन गर्ने नेपालकै अग्रेणी सिमेन्ट कम्पनी हो । स्थापनाकालदेखि नै निरन्तर गुणस्तरीय ओ.पि.सि. सिमेन्ट मात्र उत्पादन तथा विक्रि वितरण गर्दै आइरहेको शिवम् गुणस्तरकै कारण लाखौं ग्राहकहरूको पहिलो रोजाइमा पर्दै आइरहेको छ । व्यक्तिगत, व्यवसायिक तथा राष्ट्रिय गौरवका विभिन्न आयोजनाहरूका अनेकौं संरचना निर्माणमा शिवम् सिमेन्टले विगत लामो समय देखि महत्वपूर्ण भुमिका प्रस्तुत गर्दै आइरहेको छ ।

## निगमले बुझायो ५३ करोड किस्ता

Nepal Airlines

**काठमाडौं (प्रस)–** नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) ले जहाज खरिद गर्न लिएको ऋणवापतको चैत मसान्तसम्मको रु ५३ करोड, नौ लाख ५५ हजार दुई सय ८१ रकम भुक्तानी गरेको छ । निगमका प्रवक्ता रमेश पौडेलका अनुसार निगमले अन्तर्राष्ट्रिय उडानको लागि खरिद गरेका दुई न्यारो बडी र दुई वाइड बडी जहाजको लागि कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषबाट लिएको ऋण दायित्वमध्ये दुई न्यारो बडी जहाजको २०८० चैत महिनाको किस्तावापत पूरा र दुई वाइड बडी जहाजको आंशिक गरी उक्त रकम भुक्तानी गरेको हो ।

निगमले २०८० चैतसम्मको अवधिमा रु पाँच अर्ब ३६ करोड ६६ लाख ८६ हजार नौसय ६८ किस्ता रकम भुक्तानी गरेको छ । साथै, निगमले कोभिड-१९ का कारण निगमको व्यापारमा असर रहेकाले सो अवधिको ब्याजको ब्याज, हर्जना र पेनल छुट गरी सहयोग गर्न एवं किस्ताको संख्या वृद्धि गरेर ऋण दायित्व भुक्तानीलाई सहजीकरण गरिदिन दुवै कोषलाई अनुरोध गरिएको निगमले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

# अन्नपूर्ण क्षेत्रमा भित्रिए एक लाख ४४ हजार पर्यटक

■ प्रभाव संवाददाता



**गण्डकी–** पदयात्रा पर्यटनका लागि विश्वप्रसिद्ध अन्नपूर्ण क्षेत्रमा चालु आर्थिक वर्षको नौ महिनामा एक लाख ४४ हजार छ सय ७५ विदेशी पर्यटक भित्रिएका छन् । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) का अनुसार गत साउनदेखि चैतसम्मको अवधिमा दक्षिण एसियाली मुलुकका ५९ हजार नौ सय ३९ र अन्य मुलुकका ८४ हजार सात सय ३६ पर्यटकले अन्नपूर्ण क्षेत्रको भ्रमण गरेका हुन् ।

गत चैतमा मात्र दक्षिण एसियाली मुलुकका १६ हजार नौ सय ६९ र अन्य मुलुकका १८ हजार दुई ९६ गरी कूल ३५ हजार दुई सय ६५ विदेशी पर्यटक अन्नपूर्ण क्षेत्र घुम्न आएको आयोजना प्रमुख डा रविन कडरियाले जानकारी दिनुभयो । गत असोजमा २८ हजार सात सय पाँच पर्यटकले अन्नपूर्ण क्षेत्रको भ्रमण गरेका थिए ।

यो वैशाख महिनामा पर्यटक संख्या थप बढ्ने प्रमुख डा कडरियाको अनुमान छ । गत आवको वैशाखमा ३१ हजार नौ सय ५१ विदेशी पर्यटक अन्नपूर्ण क्षेत्र आएका थिए । असोज-कात्तिक र चैत-वैशाखको याम पदयात्रा पर्यटनका लागि सबैभन्दा उत्तम मानिन्छ ।

'एक्याप'ले अन्नपूर्ण चक्रीय पदमार्गमा घुमफिर गर्ने विदेशी पर्यटकको तथ्यांक राख्ने गरेको छ । सडक मार्ग भएर मनाङ, मुस्ताङलगायतका ठाउँ प्रवेश गर्ने आन्तरिक पर्यटकको सङ्ख्या यकीन छैन । 'एक्याप'का अनुसार सन् २०२३ मा एक सय ७३ देशका एक लाख ९१ हजार पाँच सय ५८ पर्यटकले अन्नपूर्ण क्षेत्रको भ्रमण गरेका थिए । उक्त सङ्ख्या हालसम्मकै उच्च हो । त्यसअघि सन् २०१९ मा एक लाख ८१ हजार पर्यटकले अन्नपूर्ण क्षेत्र घुमेका थिए । अन्नपूर्ण चक्रीय पदमार्गमा अन्नपूर्ण आधार शिविर, मार्दी हिमाल, घान्द्रुक, मनाङको तिलिचो ताल, थोरङ्ला भञ्ज्याङ, उपल्लो मुस्ताङ, मुक्तिनाथ क्षेत्र, म्याग्दीको घोडेपानीलगायतका गन्तव्य छन् ।

सात हजार छ सय वर्ग किलोमिटरमा फैलिएको अन्नपूर्ण संरक्षण क्षेत्रमा कास्की, लमजुङ, मनाङ, म्याग्दी र मुस्ताङका १६ स्थानीय तहका ८९ वडा समेटिएका छन् । अन्नपूर्ण क्षेत्र प्राकृतिक सौन्दर्य, जैविक विविधता, हिमाली जनजीवन, सभ्यता, संस्कृतिका कारण पर्यटकको रोजाइमा पर्ने गर्छ ।

हिमशृफ्लासहितका आकर्षक गन्तव्यस्थल, पर्यटनमैत्री पूर्वाधार, हावापानी, स्थानीयवासीको आतिथ्यता र सेवासुविधाका हिसाबले अन्नपूर्ण चक्रीय पदमार्ग घुमफिरका लागि विश्वकै उत्कृष्ट गन्तव्य मानिन्छ । कास्की, लमजुङ, मनाङ, म्याग्दीलगायतका मार्गबाट अन्नपूर्ण क्षेत्रको छोटो, मध्यम र लामो दूरीको पदयात्रा गर्न सकिने 'एक्याप'ले जनाएको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ